**माध्यमिक शिक्षा पाठ्यक्रम**

**२०७७**

**सामाजिक अध्ययन**

**कक्षा : ९ र १०** **विषय सङ्केतः Sol.009** (कक्षा ९), **Sol.010** (कक्षा १०)

**पाठ्यघण्टा : ४** **वार्षिक कार्यघण्टाः १२८**

## १.परिचय

सामाजिक अध्ययन विषयअन्तर्गत विभिन्न सामाजिक विज्ञानका अन्तरसम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । विभिन्न सामाजिक विज्ञानका विषयवस्तुहरू समावेश गरी बदलिँदो विश्व परिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी यो पाठ्यक्रम तयार पारिएको छ । यस विषयको अध्ययनबाट असल नागरिक भई सफल जीवनयापन गर्न विद्यार्थीलाई मदत पुग्ने छ । यसका साथै यस विषयमार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्व जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउने उद्देश्य राखेको छ । विविधताको सम्मान, समताको आत्मसात् एवम् समावेशिताको मूल्य विकास गराउने लक्ष्य पनि यस पाठ्यक्रमले राखेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरेअनुरूप एकीकृत रूपमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, विकासका पूर्वाधार, हाम्रा सामाजिक मूल्य मान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रा आर्थिक क्रियाकलाप, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग एवम् जनसङ्ख्याको परिचय र व्यवस्थापन रहेका छन् । यस पाठ्यक्रमबाट विद्यार्थीमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीहरूले आफ्नो मुलुकको वास्तविक विकासका अवधारणा बुझ्न सकुन्, आफ्ना सामाजिक मूल्यमान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमानदार र असल नागरिक बनुन् । नेपाल र विश्वको भौगोलिक परिवर्तन तथा विगतका ऐतिहासिक घटनाक्रमबाट पाठ सिकी वर्तमान अवस्थामा आफूलाई परिवर्तन गर्न सकुन् र जनसङ्ख्या व्यवस्थापनका व्यावहारिक सिप प्राप्त होस् भन्ने उद्देश्य राखिएको छ । त्यसै गरी आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुन सकुन्, अन्तर्राष्ट्रिय समझदारी बढाउन यसका विषयवस्तुबाट मदत लिन सकुन्, विश्व परिस्थितिका नयाँ परिवर्तनहरूको जानकारी राख्दै स्वतन्त्र, समानता र विश्वबन्धुत्वको भावनाअनुरूप आफूलाई समायोजन गर्न सकुन्, विश्वमा विकसित विज्ञान र प्रविधिबाट मानव समाजमा परेको प्रभावलाई आत्मसात् गरी मुलुकको विकासमा टेवा मिलोस् भन्ने उद्देश्य यस पाठ्यक्रमले राखेको छ । यसका विषयक्षेत्रलाई आधारभूत तहदेखि माध्यमिक तहसम्म क्रमबद्ध गर्ने प्रयास गरिएको छ ।

यस पाठ्यक्रममा कक्षा ९–१० का तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरणसहित विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलाप तथा विद्यार्थी मूल्याङ्कनका लागि गर्न सकिने नमुना क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्य, सिकाइ सहजीकरण विधि तथा प्रक्रियाका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरूको सङ्केत गरिएको छ । यस विषयका लागि कक्षा ९ देखि १० सम्म प्रत्येक कक्षामा साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा समय निर्धारण गरिएको छ । यस विषयमा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि ७५ प्रतिशत आन्तरिक मूल्याङ्कन र २५ प्रतिशत बाह्य मूल्याङ्कन निर्धारण गरिएको छ ।

## २. तहगत सक्षमता

कक्षा ९–१० को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :

१. हाम्रो समाजका विविध पक्षहरूको पहिचान, सम्मान, संरक्षण र संवर्धन

२. विकासका पूर्वाधारहरूको पहिचान र प्रवर्धन

३. स्थानीय विकासका कार्यहरूमा सहभागिता

४. हाम्रा सामाजिक मूल्यमान्यताहरूको बोध, सम्मान र संवर्धन

५. राष्ट्रको सम्मान, राष्ट्रियताको प्रवर्धन र राष्ट्रिय सम्पदाहरूप्रति गौरव बोध र संरक्षण

६. नागरिक अधिकार र कर्तव्यको बोध, प्रस्तुति, संरक्षण र संवर्धन

७. सामाजिक समस्या पहिचान एवम् कारण र समाधानका उपायहरूको खोजी

८. ऐतिहासिक तथ्यहरूको पहिचान, खोज र प्रस्तुति

९. नेपालका विभिन्न आर्थिक क्रियाकलापको पहिचान र सम्भावनाको खोजी

१०. नेपाल र विश्वको भौगोलिक अवस्था र तथ्यहरूको पहिचान एवम् नक्सा निर्माण अभ्यास

११. भूकम्प र ज्वालामुखीका कारण, असर र सावधानीका उपायहरूको बोध र प्रस्तुति

१२. सूचना र प्रविधि एवम् व्यवहारकुशल सिपमा आधारित सिकाइको प्रयोग र प्रवर्धन

१३. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगका विविध आयामहरूको पहिचान र योगदानको विश्लेषण

१४. जनसाङ्ख्यिकी र जनसङ्ख्या व्यवस्थापनको बोध र प्रस्तुति

कक्षागत सिकाइ उपलब्धिहरू

| विषय क्षेत्र | कक्षा ९ | कार्यघण्टा | कक्षा १० | कार्यघण्टा |
|---|---|---|---|---|
| १.हामी र हाम्रो समाज | १. समाज विकासको अवधारणा र चरणहरू उल्लेख गर्न<br>२. समाजका प्रकारहरू बताउन र असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न | ५ | १. सामाजिकीकरणको अवधारणासँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न<br>२. हाम्रा विविधताको पहिचान र संरक्षण गर्न एवम् राष्ट्रिय गौरवहरूको सम्मान गर्न | ५ |
| २.विकास र विकासको पूर्वाधार | ३. विकासको अवधारणाको परिचय दिन र स्रोत साधन तथा पूर्वसर्तहरूको खाका प्रस्तुत गर्न<br>४. विकासको पूर्वाधारहरूको परिचय दिई सम्भावना र चुनौतीहरूको खोजी गर्न<br>५. परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न<br>६. स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न | १० | ३. मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न<br>४. दिगो विकासको अवधारणा बताउन र यसका लक्ष्य प्राप्तिका लागि आफूले गर्न सक्ने योगदान बताउन<br>५. सङ्घीय नेपालमा विकासको प्रादेशिक अवधारणा प्रस्तुत गर्न<br>६. नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको महत्त्व, सम्भावना र चुनौती उल्लेख गर्न | १० |
| ३.हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | ७. हाम्रा परम्परा एवम् सामजिक मूल्य मान्यताको खोजी गर्दै त्यसले समाजमा पारेको सकारात्मक असरको खोजी गर्न<br>८. हाम्रो परम्परागत कलाको परिचय र महत्त्व बताउन<br>९. धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको महत्त्व बताउन र | १४ | ७. हाम्रा सम्पदाहरूको पहिचान र महत्त्व वताउन एवम् संरक्षण कार्यमा सहभागी हुन<br>८. हाम्रा लोक तथा शास्त्रीय कलाको महत्त्व बताउन र सम्मान गर्न एवम् संरक्षण कार्यमा सहभागी हुन<br>९. राष्ट्रिय दिवसहरूको महत्त्व प्रस्तुति र सम्मान गर्न | १४ |

| | | | | |
|---|---|---|---|---|
| | व्यावहारिक अभ्यास गर्न<br>१०. समानुभूति, सहयोग र शान्ति संस्कृतिको महत्त्व बोध र अभ्यास गर्न<br>११. राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदान उल्लेख गर्न र प्रेरणा लिन | | १०. अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानबाट प्रेरणा लिन र आवश्यकता अनुसार अनुशरण गर्न<br>११. विश्ववन्धुत्वको भावना परिपालन गर्न<br>१२. जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न | |
| ४. सामाजिक समस्या र समाधान | १२ सामाजिक समस्या र विकृतिको पहिचान गरी त्यसका असर र समाधानका उपायहरू उल्लेख गर्न<br>१३ सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदानको खोजी गर्न<br>१४ सामाजिक समस्या समाधानका स्थानीय अभ्यासहरूको खोजी र प्रवर्धन गर्न | १२ | १३. सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी र व्यवहारिक अभ्यास गर्न<br>१४ समस्या पहिचान गर्न र समस्या समाधान सिपको प्रदर्शन गर्न<br>१५. सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका खोजी गर्न | १२ |
| ५.नागरिक चेतना | १५. नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न र नेपालको बर्तमान संविधानको बिशेषता बताउन<br>१६. वर्तमान संविधानले प्रदान गरेका मौलिक हक वताउन र नागरिक कर्तव्य पालना गर्न<br>१७. सुशासन र कानुनी राज्यको परिचय र महत्त्व उल्लेख गर्न एवम् लोकतान्त्रिक आचरणको अवलम्बन गर्न<br>१८.नागरिक समाजको परिचय र भूमिका खोजी गर्न<br>१९ विविधतामा एकतालाई व्यवहारमा आत्मसात् गर्न र विविधतामा रमाउन<br>२०. राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन<br>२१. नागरिक पहिचानका आधारहरूको वर्णन गर्न | १८ | १६. राज्यका प्रमुख तीन अङ्गहरूको भूमिका र शक्ति सन्तुलन र नियन्त्रणको अवधारणा प्रस्तुत गर्न<br>१७. संवैधानिक अङ्गहरूको परिचय र महत्त्व बताउन<br>१८. राजनीतिक दलको भूमिका र जिम्मेवारी खोजी गर्न<br>१९. निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका बताउन<br>२०. मानव अधिकारसँग परिचित हुन र सचेत रहन<br>२१ उपभोक्ता अधिकार सम्वन्धी अवधारणा वताउन र सचेत रहन<br>२२.मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन | १८ |
| ६. हाम्रो पृथ्वी | २२ अक्षांश र देशान्तरले मानविय क्रियाकलापमा पार्ने प्रभाव उल्लेख गर्न<br>२३. नेपालको धरातलीय स्वरूपको निर्माण प्रक्रिया, विशेषता र प्रभाव बताउन<br>२४. नेपालमा पाइने हावापानीको पहिचान र जनजीवनमा परेको प्रभाव विश्लेषण गर्न<br>२५.नेपालका वनस्पतिको परिचय, प्रकार र महत्त्व बताउन<br>२६. नेपालको खनिज र जलस्रोतको परिचय दिन र उपयोग बताउन<br>२७. नेपालमा घट्ने प्रमुख विपत् र तीनको न्यूनीकरणका उपायहरू बताउन र व्यवस्थापनमा सहभागी | १८ | २३. विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन ।<br>२४.उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीपको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न र नेपालसँगको अन्तरसम्बन्ध खोजी गर्न<br>२५ भूकम्प र ज्वालामुखीको सामान्य परिचय दिन र भूकम्पबाट जोगिने उपायहरूको अभ्यास गर्न<br>२६ नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न र नक्सासम्बन्धी आधुनिक व्यवहारिक प्रविधिहरूको उपयोग गर्न । | १८ |

| | | | | |
|---|---|---|---|---|
| | हुन<br>२८. एसिया, युरोप र अष्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न<br>२९. नक्सा अध्ययन र निर्माण गर्न | | | |
| ७. हाम्रो विगत | ३०. ऐतिहासिक स्रोतहरूको खोज, अध्ययन गर्न एवम् त्यसको संरक्षणका उपायहरू अवलम्बन गर्न<br>३१. बुद्ध जन्मभूमि कपिलवस्तुको शाक्य वंशीय इतिहासको छोटकरीमा वर्णन गर्न<br>३२.नेपालको एकीकरण अभियानका मुख्य घटनाहरू उल्लेख गर्न<br>३३. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीरङ्गानाहरूको योगदानको समीक्षा गर्न<br>३४. राणाशासनको उदय एवम् अन्त्यका कारणहरू र यसले प्रशासनिक, सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव बताउन<br>३५.आफ्नो वंशको महत्त्वपूर्ण पक्षको खोजी र वंश वृक्ष तयारी गर्न | १५ | २७. वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न<br>२८. वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न<br>२९. पहिलो र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका प्रस्तुत गर्न<br>३०.आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न | १५ |
| ८. हाम्रा आर्थिक क्रियाकलाप | ३६. परम्परागत मौलिक र व्यवसायिक एवम् आधुनिक कृषिको महत्त्व, विशेषता र भिन्नता बताउन र कृषि क्षेत्रका सम्भावना, समस्या र समाधानका उपायहरू खोजी गर्न<br>३७. उद्योगको परिचय, प्रकार र महत्त्व बताउन साथै उद्योगसँग सम्बन्धित समस्या र समाधानका उपायहरू खोजी गर्न<br>३८. व्यापारको परिचय ,प्रकार र महत्त्व बताउन र नेपालमा व्यापारको विविधीकरण र बजारीकरण, व्यापारको प्रवर्धनका उपायहरूको सूची बनाउन<br>३९. आर्थिक योजनाको परिचय दिन र वर्तमान आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित हुन<br>४०. श्रम, आयआर्जन र रोजगार र उद्यमशीलताको सम्बन्ध प्रस्तुत गर्न | १५ | ३१. अगिल्लो योजना र चालु योजनाबिच लक्ष्य, उ@श्य, कार्यक्रम र रणनीतिका आधारमा तुलना गर्न<br>३२. नेपालमा उर्जाको सम्भावना एवम् उर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न<br>३३. पर्यटनको परिचय, आवश्यकता, महत्त्व,सम्भावना र चुनौतीको व्याख्या गर्न<br>३४. रोजगारी र रोजगारी सिर्जनाले पारेका प्रभावहरू खोजी गर्न<br>३५. वित्तीय शिक्षा र वित्तीय उपकरण सम्बन्धमा जानकार रही महत्त्व बोध गर्न<br>३६. कर (Tax) को परिचय, प्रकार र महत्त्व उल्लेख गर्न र कर तिर्ने कार्यलाई नागरिक दायित्वका रूपमा आत्मसात् गर्न | १५ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ४१ नेपालका दातृ राष्ट्र तथा संस्थाहरूसँग सम्बन्ध र सहयोगको अवस्थासँग परिचित हुन<br>४२. संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका उल्लेख गर्न<br>४३. सार्क र युरोपियन युनियन को परिचय र भूमिका बताउन<br>४४. अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले पुऱ्याउँदै आएको | १३ | ३७ नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तसँग परिचित हुन<br>३८ संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरूका कार्यहरू उल्लेख गर्न<br>३९.संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न<br>४०. विश्व व्यापार सङ्गठनको परिचय र नेपालको संलग्नताका फाइदाहरू | १३ |

| | | | | |
|---|---|---|---|---|
| | सहयोग<br>४५ . सूचना तथा सञ्चार प्रविधिका सामग्रीको परिचय दिन र प्रभावकारी उपयोग गर्न एवम् सावधानी अपनाउन<br>४६. विश्वमा घटेका समसामयिक घटनासँग परिचित हुन | | उल्लेख गर्न<br>४१. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न<br>४२सूचना तथा संचार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र यसका चुनौती र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न<br>४३.विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न | |
| १०. जनसङ्ख्या परिचय र व्यवस्थापन | ४७. जनसाङ्ख्यिकीका तत्त्वहरू उल्लेख गर्न र नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको सूची तयार पार्न<br>४८. नेपालमा बसाइँसराइका कारण र असरहरू पहिल्याउन<br>४९. जनसङ्ख्या वृद्धिका कारण, असरहरू र व्यवस्थापनका उपायहरू प्रस्तुत गर्न | ८ | ४४. नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था तालिका, चार्ट ,ग्राफ आदिमा प्रस्तुत गर्न<br>४५. पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध उल्लेख गर्न<br>४६. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न<br>४७. विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न | ८ |

## ४.विषयवस्तुको विस्तृतीकरण

कक्षा ९

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | **१.१ समाज विकासको अवधारणा**<br>- समाजको परिचय<br>● समाज र समुदायको परिचय<br>● समाजका विशेषताहरू<br>● व्यक्ति र समाजको अन्तरसम्बन्ध<br>● आफू बसेको | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्क सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● समाज र समुदाय सम्बन्धमा प्रश्नहरू प्रयोग गरी (विचार गर, जोडी बनाऊ र आदानप्रदान गर क्रियाकलाप गराउने<br>● समूहमा निम्न शीर्षकमा छलफल गरी चार्ट वा तालिका तयार गर्न लगाउने<br>○ समाज र समुदायबिच | निम्नलिखित प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. समाज भनेको के हो ?<br>२. समाजका कुनै दुई विशेषताहरू बताउनुहोस् ।<br>३. व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।<br>४. तपाईंको समुदायमा गत पाँच वर्षमा के के परिवर्तनहरू भएका छन् ? खोजी गरी तालिका तयार |

| | | | | |
|---|---|---|---|---|
| | समाजका विशेषताहरू | | फरक<br>○ समाजका विशेषताहरू<br>○ व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध<br>○ समाज विकासको परिचय<br>○ समाज विकासका विशेषताहरू<br>○ समूह नेताबाट समूहको प्रस्तुति गर्न लगाउने<br>● अन्य समूहबाट पृष्ठपोषण दिन लगाउने र<br>शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण र सहजीकरण गर्ने | गर्नुहोस् ।<br>५. समूह क्रियाकलापमा सहभागिता, सक्रियता आदिको अवलोकनबाट मूल्याङ्कन गर्ने |
| | **१.२ समाज विकासका चरणहरू**<br>- समाजको उत्पत्तिसम्बन्धी धारणा<br>● समाज विकासको परिचय<br>● समाज विकासका चरणहरू<br>(कार्ल मार्क्स, टायलर र मोर्गानकाअनुसार) | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- रचनात्मक सोच सिप | ● विभिन्न चार्ट, भिडियो वा स्लाइड प्रदर्शन गरी समाजको उत्पत्ति सम्बन्धमा जानकारी दिने<br>● समाज विकासका चरणहरू लेखिएको चार्ट वा स्लाइड देखाई छलफल गर्न लगाउने<br>● विभिन्न चार्ट, फोटो, भिडियो वा स्लाइड प्रदर्शन गरी कार्ल मार्क्स, टायलर र मोर्गानकाअनुसारका समाज विकासका चरणहरू सम्बन्धमा जानकारी दिने<br>● विभिन्न काल्पनिक समाजको उदाहरण दिई तिनीहरू कुन चरणमा पर्दछन् ? समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउने<br>● पुँजीवादी र समाजवादी समाजमध्ये कुन ठिक छ भन्ने सम्बन्धमा विद्यार्थीहरूलाई आफ्नो तर्क दिन | निम्नलिखित प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. समाजको उत्पत्ति कसरी भएको हो ?<br>२. तलका समाजका एक एक विशेषताहरू बताउनुहोस् :<br>○ दास समाज<br>○ सामन्तवादी समाज<br>○ पुँजीवादी समाज<br>३. उल्लिखित समाजहरूमध्ये तपाईंलाई कुन समाज बढी सुधारवादी वा प्रगतिशिल लाग्छ, कारणसहित लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | लगाउने | |
| | **१.३ समाजका प्रकारहरू**<br>- समाज वर्गीकरणका आधारहरू<br>● भाषा, धर्म, बसोबास, समय, अर्थव्यवस्था, जीवन पद्धति आदि<br>- जीवन पद्धतिका आधारमा समाजको वर्गीकरण<br>● सिकारी तथा कन्दमूल सङ्कलक<br>● कृषि तथा फलफूल खेती गर्ने<br>● पशुपालक<br>● औद्योगिक समाज<br>● आधुनिक समाज | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● समूह विभाजन गरी समाज वर्गीकरणका आधारहरू एक एकओटाको सम्बन्धमा छलफल गरेर बुँदाहरू तयार गरी पालैपालो प्रस्तुति गर्दै छलफल गर्ने<br>● समूह विभाजन गरी जीवनपद्धतिका आधारमा गरिएको समाजको वर्गीकरणका शीर्षकहरूमा छलफल गरी चार्ट वा तालिका प्रस्तुति गर्न लगाउने<br>● अन्य समूहबाट पृष्ठपोषण दिन लगाउने<br>● शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण र सहजीकरण गर्ने<br>● जीवन पद्धतिका आधारमा समाजका प्रकारहरूका सम्बन्धमा चित्रसहितको चार्ट तयार गराउने ( समूहमा गर्न सकिने) | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. समाज वर्गीकरणका कुनै दुई आधारहरू उल्लेख गर्नुहोस् ।<br>२. फलफूल खेती गर्ने समाज र पशुपालकबिचका समानता र भिन्नताहरूको सूचीकरण गर्नुहोस् ।<br>३. कृषि समाजबाट औद्योगिक समाजमा समायोजन हुँदा मानिसले के के सिपहरू सिक्नुपर्ला ?<br>४. समूह क्रियाकलापमा सहभागिता, सक्रियता आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |
| | **१.४ समाजका आधारभूत तत्त्वहरू**<br>- समाजका आधारभूत तत्त्वहरू<br>- असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | ● विद्यालय एउटा समाज भएको कुरा उदाहरणका रूपमा प्रस्तुत गरी विद्यालय बन्नका लागि के के आवश्यक पर्दछ, छलफल गराई समाजका तत्त्वहरूको परिचय गराउने<br>● स्लाइड वा कार्ड प्रयोग गरी समाजका आधारभूत तत्त्वहरू सम्बन्धमा जानकारी दिने<br>● विद्यालयमा के के भएमा राम्रो होला भनेर जोडी जोडीमा छलफल गर्न लगाउने र केही जोडीहरूको विचार प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. समाजका आधारभूत तत्त्वहरू के के हुन ? कुनै दुईओटा उल्लेख गर्नुहोस् ।<br>२. असल समाजका तत्त्वहरूमध्ये कुनै दुईओटा उल्लेख गर्नुहोस् ।<br>३. सामाजिक नियम किन पालना गर्नुपर्दछ ?<br>४. तपाईं बसोबास गर्ने समाजमा असल समाजका तत्त्वहरूमध्ये कुन कुन रहेका छन्, उदाहरणसहितको सूची बनाउनुहोस् ।<br>५. कक्षा क्रियाकलापमा सहभागिता, सक्रियता आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | ● स्लाइड वा चार्ट वा कार्डको प्रयोग गरी असल समाजका तत्त्वहरू सम्बन्धमा छलफल गर्ने<br>● असल समाजका तत्त्वहरूमध्ये कुनै तीनओटा छान्नु पर्दा कुन कुन छान्नुहुन्छ र किन ? यस प्रश्नमा व्यक्तिगत रूपमा सोच्न र टिप्न लगाई सामूहिक छलफल गराउने । | |
| २.विकासका पूर्वाधार | **२.१ विकासको अवधारणा र स्रोत साधन तथा पूर्वसर्तहरू**<br>- विकासको अवधारणा<br>- विकासका पूर्वसर्तहरू<br>- ( दुरदृष्टि, साक्षरता, स्रोतसाधन, जनसहभागिता, उद्यमशीलता शान्ति र प्रविधि, ) | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै विकास भएको र नभएको अवस्था सम्बन्धमा छलफल गराई विकासको अर्थ बुझाउने<br>● विकासका विभिन्न परिभाषाहरू पढ्न लगाई निष्कर्ष तयार गर्न लगाउने र कक्षामा प्रस्तुति र छलफल गराउने<br>● विकास गर्नका लागि के के स्रोतहरू आवश्यक पर्दछन्, छलफल गरी 5$M$ अर्थात् पुँजी, सामग्री, मेसिन, जनशक्ति र बजार (Money, Materials, Machine, Manpower and Market) आवश्यक हुने निष्कर्षमा पुऱ्याउने<br>● विकाससँग सम्बन्धित मुख्य प्राविधिक शब्दहरू सम्बन्धमा समूहमा छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>● स्लाइड वा भिडियो प्रदर्शन गरी विकासका पूर्वसर्त सम्बन्धमा जानकारी दिने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. विकास भनेको के हो ? विकसित र अविकसित देशको एक एक उदाहरण दिनुहोस् ।<br>२. विकासका स्रोतहरू के के हुन् ?<br>३. प्रति व्यक्ति आय भनेको के हो ?<br>४. विकासका पूर्वसर्तहरू के के हुन् ?<br>५. साक्षरताले कसरी विकासमा सहयोग गर्दछ ?<br>६. जनसहभागिताको महत्त्व उल्लेख गर्नुहोस् ।<br>७. उद्यमशीलता भनेको के हो ?<br>८. शान्ति र विकासको के सम्बन्ध छ ?<br>९. कक्षा क्रियाकलापमा सहभागिता, सक्रियता आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | ● जिग्स विधिको प्रयोग गरी समूहमा विकासका एक एक पूर्वसर्तमा नेपालको हालको अवस्था, समस्या र समाधानका उपायहरू सम्बन्धमा अध्ययन गरी कक्षामा प्रस्तुति र छलफल गराउने । | |
| | **२.२ विकासको पूर्वाधारहरू: शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, खानेपानी, यातायात, जनशक्ति**<br>● परिचय<br>● नेपालको वर्तमान अवस्था<br>● नेपालमा सम्भावना र चुनौती एवम् निराकरणका उपायहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | ● चित्र, फोटो, भिडियो आदि प्रदर्शन गर्दै विभिन्न प्रकारका विकासका पूर्वाधारका सम्बन्धमा परिचय र नेपालको वर्तमान अवस्था सम्बन्धमा छलफल गराउने<br>● समूहमा विकासका एक एक पूर्वाधारका सम्बन्धमा नेपालको सम्भावना, चुनौती र निराकरणका उपायहरू सम्बन्धमा अध्ययन गरी कक्षामा प्रस्तुति र छलफल गराउने<br>● समुदाय भ्रमण गरी विकासका पूर्वाधारहरू सम्बन्धमा अध्ययन गरी समूहमा प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो विद्यालयमा भएको विकासका पूर्वाधारहरू शीर्षकमा निबन्ध लेख्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विकासको पूर्वाधार भनेको के हो ?<br>२. यातायातको सुविधाले के फाइदा हुन्छ ?<br>३. शिक्षाले विकासमा कसरी सहयोग गर्दछ ?<br>४. दक्ष जनशक्ति नभई देश विकास सम्भव छैन । तपाईं यस भनाइमा सहमत हुनुहुन्छ, किन ?<br>५. शुद्ध खानेपानी र विकासको सम्बन्ध कस्तो हुन्छ ?<br>६. समुदाय भ्रमण र कक्षा क्रियाकलापमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |
| | **२.३ परम्परागत ज्ञान, सिप र प्रविधि तथा तिनको सिर्जनशील प्रयोग**<br>- परम्परागत ज्ञान, सिप र प्रविधिको परिचय ( ढिकी, जाँतो, पानीघट्ट हलो, आरन, भाँडाकुँडा | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● आफ्ना घर र छिमेकमा भएका परम्परागत प्रविधि तथा सिपहरू सम्बन्धमा मस्तिष्क मन्थन क्रियाकलाप गराउने<br>● भिडियो, स्लाइड वा फोटो देखाई स्थानीय समुदायमा प्रचलित परम्परागत प्रविधि सम्बन्धमा छलफल | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. परस्परागत प्रविधि भनेको के हो ? दुई उदाहरण दिनुहोस् ।<br>२. हामीले आफ्ना स्थानीय ज्ञान र सिपलाई किन संरक्षण गर्नुपर्छ ?<br>३. स्थानीय ज्ञान, सिप र प्रविधिलाई संरक्षण गर्ने उपायहरू लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | बनाउने आदि)<br>- परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व र संरक्षणका उपायहरू | | गर्ने<br>● स्थानीय प्रविधि ( जस्तैः खुवा, छुर्पी, घिउ, घरायसी उपकरण बनाउने) प्रयोगस्थलको अवलोकन भ्रमण गराउने वा भिडियो वा फोटो प्रदर्शन गर्दै छलफल गर्ने<br>● स्थानीय र परम्परागत प्रविधिको महत्त्व र चुनौती र संरक्षण गर्ने उपायहरू सम्बन्धमा समूहमा छलफल गराई कक्षामा प्रस्तुति गराउने<br>● स्थानीय र परम्परागत प्रविधिको पोस्टर तयार गरी कक्षामा प्रदर्शन गर्न लगाउने । | ४. "स्थानीय ज्ञान, सिप र प्रविधि हाम्रा अमूल्य सम्पत्ति हुन् ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।<br>५. समुदाय भ्रमण र कक्षा क्रियाकलापमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |
| | **२.४ स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा र कार्यान्वयन प्रक्रिया**<br>● **वस्तुगत विवरणसम्बन्धी सामान्य जानकारी**<br>- गाउँ/नगरपालिकामा विकास प्रस्ताव तर्जुमा सामान्य अवधारणा<br>- गाउँ/नगरपालिकामा विकास प्रस्ताव कार्यान्वयन प्रक्रिया जानकारी | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● योजना भनेको के हो ? योजना किन आवश्यक छ ? योजना तर्जुमा भनेको के हो ? जस्ता प्रश्नहरू प्रयोग गरी *TPS* ( विचार गर, जोडी बनाऊ र आदानप्रदान गर) क्रियाकलाप गराउने<br>● स्थानीय वडा समितिका पदाधिकारी वा कर्मचारी वा उपभोक्ता समितिका पदाधिकारीलाई कक्षामा बोलाई अन्तरक्रिया गराउने<br>● कक्षामा विद्यालयसँग सम्बन्धित विकास परियोजना छनोट गरी उपभोक्ता समिति गठन र बैठकको अभिनय गर्न लगाउने<br>● समूहमा योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया सम्वन्धी चार्ट निर्माण गरी कक्षामा प्रदर्शन गराउने (राम्रो गर्ने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. योजना तर्जुमा भनेको के हो ?<br>२. स्थानीय तहमा विकास योजना किन आवश्यक छ ?<br>३. स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा र कार्यान्वयका चरणहरू उल्लेख गर्नुहोस् ।<br>४. एउटा विकास परियोजना छनौट गरी सङ्क्षिप्त रूपमा परियोजना प्रस्ताव तयार गर्नुहोस् ।<br>५. कक्षा क्रियाकलापमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | समूहलाई पुरस्कृत गर्ने) | |
| | | | | |
| ३.हाम्रा सामाजिक मूल्य मान्यता | **३.१** हाम्रा परम्परा एवम् सामजिक मूल्य मान्यता<br>- नेपालमा प्रचलित धर्महरूको परिचय<br>- सबै धर्मका साझा मूल्य र मान्यता<br>- मानव मूल्य र यसको महत्त्व | - सिकाइ सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सांस्कृतिक सिपहरू<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● विद्यार्थीहरूको परिवार र छिमेकमा प्रचलित धर्महरू सम्बन्धमा प्रश्नोत्तर गर्ने<br>● कथा वा घटना अध्ययन गराई साझा मूल्य र मान्यताहरू सम्बन्धमा छलफल गराउने<br>● समूहमा विभिन्न धर्महरूको अध्ययन गर्न लगाई तिनीहरूका साझा मूल्य र मान्यताहरू सम्बन्धमा समूह प्रस्तुति र छलफल गराउने<br>● भिडियो, स्लाइड, फोटो वा चित्र देखाई मानव मूल्य र यसको महत्त्व सम्बन्धमा छलफल गराउने । | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. सबै धर्मका साझा मान्यताहरू समेटी आफ्नो भाइ वा बहिनीलाई चिठी लेख्नुहोस् ।<br>२. मानव मूल्यको परिचय दिनुहोस् ।<br>३. विद्यार्थीहरूको व्यवहार अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | - ३.२ हाम्रो परम्परागत कला<br>- नेपाली परम्परागत कलाको परिचय र महत्व<br>- नेपाली चित्रकला, मूर्तिकला र वास्तुकलाको परिचय, विशेषता र संरक्षण-संवर्धनका उपायहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | ● विद्यार्थीहरूका घर र समुदायमा भएका विभिन्न चित्र, मूर्ति र भवनहरू सम्बन्धमा छलफल गराउने<br>● भिडियो, स्लाइड, फोटो वा चित्र देखाई विभिन्न प्रकारका चित्र, मूर्ति र वास्तुकला सम्बन्धमा छलफल गराउने<br>● समूह विभाजन गरी समुदायमा भएका विभिन्न चित्र, मूर्ति र भवनहरूको अवस्था राम्रो भए/नभएको सम्बन्धमा छलफल गराउने र संरक्षणका उपायहरू समेत समावेस गरी सामूहिक प्रस्तुति र छलफल गराउने<br>● नजिकको धार्मिक वा पुरातात्त्विक | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. नेपालको परम्परागत चित्रकला शैलीलाई कति भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ? प्रत्येकको छोटो परिचय दिनुहोस् ।<br>२. नेपाली मूर्तिकलाको परिचय दिनुहोस् ।<br>३. नेपाली वास्तुकलाका प्रकारहरूको परिचय दिनुहोस् ।<br>४. नेपाली परम्परागत कलाको संरक्षण र विकासका लागि के के गर्नुपर्ला ?<br>५. भ्रमण प्रतिवेदनको ढाँचा, विषयवस्तु, प्रस्तुतिकरण तथा समूहकार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | महत्त्वको स्थानको भ्रमण गराई त्यहाँ भएका चित्र, मूर्ति तथा वास्तुकलाहरू अध्ययन गरी सामूहमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने । | |
| | **३.३ धार्मिक सहिष्णुता र धर्म निरपेक्षता**<br>- नेपालमा धार्मिक सहिष्णुताको परम्परा र वर्तमान अभ्यास<br>- धर्म निरपेक्षताको अवधारणा र महत्त्व | - सिकाइ सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- सांस्कृतिक सिपहरू<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप | ● भिडियो, स्लाइड, फोटो वा चित्र देखाई नेपालमा धार्मिक सहिष्णुताको परम्परा र वर्तमान अभ्यास सम्बन्धमा छलफल गराउने<br>● धर्म निरपेक्षता सम्बन्धमा *TPS* ( विचार गर, जोडी बनाऊ र आदानप्रदान गर) क्रियाकलाप गराउने र शिक्षकले अवधारणा प्रस्ट पार्ने<br>● समूहमा धर्म निरपेक्षताको महत्त्व सम्बन्धमा अध्ययन गरी बुँदा तयार पार्न लगाउने र कक्षामा प्रस्तुति र छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. नेपालमा धार्मिक सहिष्णुताको परम्परा रही आएको छ । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।<br>२. धार्मिक सहिष्णुताको परिचय दिनुहोस् ।<br>३. धर्म निरपेक्षताको महत्त्व सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।<br>४. समूहकार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |
| | **३.४ समानुभूति र सहयोग**<br>- समानुभूति र सहयोगको परिचय र महत्त्व<br>- व्यावहारिक प्रयोग | - सिकाइ सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- सांस्कृतिक सिपहरू<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप | ● कुनै घटना अध्ययन गराएर समानुभूति र सहयोगको धारणा सम्बन्धमा छलफल गराउने<br>● चित्र, पोस्टर, फोटो, भिडियो वा स्लाइड प्रयोग गरी नेपालमा समानुभूति र सहयोगको परम्परा सम्बन्धमा छलफल गराउने<br>● समूहमा समानुभूति र सहयोगको महत्त्व सम्बन्धमा अध्ययन गरी बुँदा तयार पार्न लगाउने र कक्षामा प्रस्तुति र छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. समानुभूति भनेको के हो ?<br>२. कुनै व्यक्ति समस्यामा वा दुखमा परेको बेला के गर्नुपर्दछ ?<br>३. समानुभूति र सहकार्यको महत्त्व सम्बन्धमा एक समाचार लेख्नुहोस् ।<br>४. समूहकार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने |
| | **३.५ शान्ति संस्कृति**<br>- शान्ति संस्कृतिको अवधारण र | - सिकाइ सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● देखेका, सुनेका, अनुभव गरेका विभिन्न घटनाहरूका | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. शान्ति र द्वन्द्वबिच के |

| | | | | |
|---|---|---|---|---|
| | आवश्यकता<br>- शान्ति संस्कृति विकास गराउने उपायहरू | - समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप | आधारमा शान्ति र द्वन्द्वबिच फरक छुट्याउन लगाउने<br>● समूहमा शान्ति संस्कृतिको आवश्यकता र यसको विकास गराउने उपायहरू सम्बन्धमा छलफल गराई प्रस्तुति गराउने र शिक्षकले निचोड प्रदान गर्ने । | फरक छ ?<br>२. हामीलाई शान्ति किन आवश्यक पर्छ ?<br>३. के के गरेर शान्ति संस्कृतिको विकास गराउन सकिन्छ ?<br>४. शान्ति संस्कृति विकास गराउने कार्यहरूबारे आत्ममूल्याङ्कन गर्न लगाउने<br>साथीहरूले झगडा गरेमा के गर्ने ? झैं झगडा नगर्ने आदि । |
| | **३.६ राष्ट्रिय विभूति तथा व्यक्तित्वहरूको योगदान**<br>- राष्ट्रिय विभूतिहरू परिचय र योगदान<br>- राष्ट्रिय व्यक्तित्वहरू : वि.पी. कोइराला र पुष्पलाल | - सिकाइ सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | ● गोला प्रथाबाट प्रत्येक जोडीलाई एक एक जना राष्ट्रिय विभूतिको सम्बन्धमा अध्ययन गराई उनीहरूको परिचय र योगदान सम्बन्धमा टिपोट गर्न लगाएर तातो आलु वा त्यस्तै खेल खेलाउने<br>● चित्र, पोस्टर, फोटो, भिडियो वा स्लाइड प्रयोग गरी प्रेरणादायी राष्ट्रिय व्यक्तित्त्वहरू (वि.पी. कोइराला र मनमोहन अधिकारी) सम्बन्धमा छलफल गराउने<br>● समूहमा अन्य प्रेरणादायी राष्ट्रिय व्यक्तित्त्वहरूको जीवनी अध्ययन गराई प्रस्तुति गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय विभूति भनेको के हो ?<br>२. अरनिको को हुनुहुन्थ्यो ? उहाँलाई किन राष्ट्रिय विभूति मानिएको हो ?<br>३. मनमोहन अधिकारीको जीवनबाट सिक्न सकिने कुनै चार कुराहरू उल्लेख गर्नेहोस् ।<br>४. समूह कार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन आदिको अवलोकनबाट पनि मूल्याङ्कन गर्ने । |
| ४.सामाजिक समस्या र समाधान | ४.१ सामाजिक विकृति र समस्या<br>● हेपाइ ( bulling), साइबर अपराध, हत्या, आत्महत्या, एसिड आक्रमण)<br>- पहिचान<br>- असर<br>- समाधान | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>सहयोग र सहानुभूति | ● सामाजिक विकृति तथा समस्याको पहिचान गरी सूची निर्माण गर्न लगाउने<br>● चित्र, चार्ट, भिडियो, उदाहरणमार्फत विभिन्न सामाजिक विकृति तथा समस्याहरूको सामान्य परिचय, यसले समाजमा पार्ने असर र | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. हेपाइ( bulling) ले समाजमा पार्ने कुनै एक असरको उल्लेख गर्नुहोस् ।<br>२. साइबर अपराध नियन्त्रण गर्ने कुनै चार उपायहरू लेख्नुहोस् ।<br>३. एसिड आक्रमण गम्भीर सामाजिक अपराध हो, किन ?<br>४. विद्यार्थीले तयार पारेका कथा, कविता वा गीत वा नाराहरू र त्यसको प्रदर्शनको अवस्थालाई समेटी रुजुसूची तयार पारी |

| | | | | |
|---|---|---|---|---|
| | | | समाधानका उपायहरू सम्बन्धमा छलफल गराउने<br>● कथा, कविता गीत, वक्तृतामार्फत विभिन्न सामाजिक विकृति विरुद्धका सन्देशमुलक विषयवस्तु तयार पारी प्रस्तुत गर्न लगाउने<br>● सामाजिक विकृति र समस्या विरुद्ध सचेतना जगाउने नाराहरू उल्लेख भएको प्ले कार्ड तयार गर्न लगाई कक्षाकोठा वा विद्यालय प्राङ्गणमा नारा लगाउन लगाउने<br>● सामाजिक समस्या र विकृति समाधान सम्बन्धमा भूमिका अभिनय गर्न लगाई निष्कर्ष प्रस्तुत गर्ने | मूल्याङ्कन गर्ने । |
| | ४.२ सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदान<br>- स्थानीय सङ्घसंस्था परिचय र योगदान<br>- राष्टिय सङ्घसंस्था परिचय र योगदान रेडक्रस, स्काउट | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा<br>- समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● आफ्नो समुदायमा क्रियाशील विभिन्न सामाजिक सङ्घसंस्थाहरूको सूची तयार पार्न लगाउने<br>● ती सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा खेलेको भूमिका सम्बन्धमा सोधपुछ गरी टिपोट गर्न लगाउने<br>● ती संस्थाका क्रियाशील व्यक्तित्वलाई आमन्त्रण गरी सामाजिक सुधारमा यी संस्थाको योगदान सम्बन्धमा स्रोत कक्षा लिन लगााउने<br>● विभिन्न सङ्घसंस्थाले आयोजना गरेका सामाजिक समस्या विरुद्धको सचेतना र्‍यालीमा | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. तपाईंको समुदायमा क्रियाशील सामाजिक सङ्घसंस्थाको सूची तयार पार्नुहोस् ।<br>२. सामाजिक समस्या समाधानमा तपाईंको समुदायमा रहेका सङ्घसंस्थाहरूले खेलेका कुनै तीनओटा भूमिका उल्लेख गर्नुहोस् ।<br>३. चरित्र निर्माणमा स्काउटको भूमिका उल्लेख गर्नुहोस् ।<br>४. विद्यार्थीले स्रोत शिक्षकसँग गरेको अन्तरक्रिया, सोधेका प्रश्न र जिज्ञासामा आधारित भई सिकाइको सक्रियता र सहभागितको मूल्याङ्कन गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यार्थीहरूको सहभागिताका लागि उत्प्रेरित गर्ने र आवश्यकताअनुसार सहभागी गराउने<br>● रेडक्रस र स्काउटको परिचय र यी संस्थाहरूको योगदान सम्बन्धमा समूहमा खोजी गरी प्रस्तुति गर्न लगाउने र रेडक्रस र स्काउटका विद्यालयमा हुने गतिविधिमा सहभागी हुन उत्प्रेरित गर्ने | |
| | ४.३ सामाजिक समस्या समाधानका स्थानीय समुदायमा प्रचलित परम्परागत तथा मौलिक अभ्यासहरू | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● स्थानीय रूपमा सामाजिक समस्या समाधानका अभ्यासहरू के के छन् सोधखोज गरी लेख्न लगाउने र यसको अवधारणा स्प्रष्ट पार्ने<br>● सामाजिक समस्या समाधानका स्थानीय अभ्यासहरूलाई समूह समूहमा छलफल गरी पहिचान गर्न लगाउने<br>● सामाजिक समस्या समाधानका स्थानिय अभ्यासहरूको महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गरी निष्कर्ष भन्न लगाउने र अन्तिममा शिक्षकले सबै जोडीमा सारलाई | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१ सामाजिक समस्या समाधानका स्थानीय अभ्यास भन्नाले केलाई जनाउँछ ।<br>२ सामाजिक समस्या समाधानका स्थानीय अभ्याससहरूसम्बन्धी समाचार तयार पार्नुहोस् ।<br>३ सामाजिक समस्या समाधानमा स्थानीय अभ्यासको महत्त्व उल्लेख गर्नुहोस् ।<br>. |

| | | | | |
|---|---|---|---|---|
| | | | समेटी आफ्नो निष्कर्ष प्रस्तुत गर्ने | |
| नागरिक चेतना | ५.१ नेपालको संविधान, नेपालको संवैधानिक विकासक्रम<br>● नेपालको बर्तमान संविधानका विशेषताहरू<br>● नेपालको संवैधानिक विकासक्रम<br>- वैधानिक शासन कानुन २००४<br>- अन्तरिम शासन विधान २००७<br>- नेपाल अधिराज्यको संविधान २०१५<br>- नेपालको संविधान २०१९<br>- नेपाल अधिराज्यको संविधान २०४७<br>- नेपालको अन्तरिम संविधान २०६३<br>- संविधान सभा र नेपालको संविधान – २०७२ | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br><br>सहयोग र सहानुभूति | ● संविधानको परिभाषा व्यक्तिगत रूमपा लेख्न लगाई जोडीमा छलफल गर्ने र प्रस्तुत गर्न लगाउने, प्राप्त विचारलाई समेत समेटी शिक्षकले निष्कर्ष बताइदिने<br>● कक्षा नियमको महत्त्वसँग तुलना गर्दै संविधानको महत्त्व स्पष्ट पार्ने<br>● नेपालको विभिन्न समयमा जारी भएका संविधानका सूची तयार गर्न लगाउने र तिनका प्रमुख विशेषता खोजी गर्न लगाउने<br>● संविधान सभा र यसको भूमिका सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउने र शिक्षकले उनीहरूको गतिविधि अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. संविधानको परिचय दिनुहोस् ।<br>२. अन्तरिम संविधान २०६३ का विशेषताहरू उल्लेख गर्नुहोस् ।<br>३. वर्तमान संविधान निर्माणमा संविधान सभाको भूमिकाको समीक्षा गर्नुहोस् ।<br>४. विद्यार्थीले सञ्चालन गरेका वक्तृत्वकलालाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>- सक्रियता<br>- तार्किकता<br>- वाक्पटुता<br>- सिर्जनशिलता<br>- जिम्मेवारी वहन<br>. |
| | ५.२ नेपालको | - सिकाइ सिप | ● मौलिक | तलका जस्तै प्रश्नहरू तथा |

| | | | | |
|---|---|---|---|---|
| | संविधानले प्रदान गरेका मौलिक हकहरू<br>- परिचय<br>- महत्त्व | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br><br>सहयोग र सहानुभूति | हकको छोटो परिचय दिने<br>● मौलिक हक र मानव अधिकारबिचको समानता र भिन्नता सम्बन्धमा समूहगत प्रस्तुतिकरण गर्न लगाउने<br>● मौलिक हकसँग सम्बन्धित गीत, घटना आदि बनाई प्रस्तुत गर्ने र त्यस्तै सिर्जनात्मक कार्यमा विद्यार्थीहरूलाई सक्रिय गराउने | क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. वर्तमान संविधानले प्रत्याभूत गरेका मौलिक हकको सूची तयार पार्नुहोस् ।<br>२. शिक्षासम्बन्धी मौलिक हकमा के के हकको व्यवस्था छ ?<br>बालबालिकासम्बन्धी हक पूर्ण रूपमा प्राप्त गर्न कसले के गर्नुपर्ला ? सुझावहरू प्रस्तुत गर्नुहोस् ।<br>३. विद्यार्थीले सञ्चालन गरेका गीत घटना आदिलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>- सक्रियता<br>- सहभागिता<br>- सन्देश प्रवाह<br>- सिर्जनशिलता<br>- जिम्मेवारी वहन<br>. |
| | **५.३ नागरिक कर्तव्य र दायित्व**<br>- सामाजिक कर्तव्य<br>- नैतिक एवम् नागरिक कर्तव्य<br>- कानुनी कर्तव्य<br>- पारिवारिक कर्तव्य | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - नागरिक कर्तव्यको परिचय उदाहरणसहित दिने<br>- नागरिक कर्तव्यअन्तर्गत पर्ने कर्तव्यहरूको सूची तयार पार्न लगाउने<br>- सामाजिक कर्तव्य र नागरिक कर्तव्य उल्लिखत चार्ट वा चित्र प्रस्तुति र छलफल गर्ने<br>- कानुनी कर्तव्य र पारिवारिक कर्तव्यमा पर्ने कर्तव्य सम्बन्धमा छलफल गरी कर्तव्य पालनमा जोड दिनुपर्ने कुरा निष्कर्षका रूपमा प्रस्तुत गर्न लगाउने<br>- नागरिक कर्तव्य, हाम्रो दायित्व शीर्षकमा गीत, कथा, कविता वा वक्तृता तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- कर्तव्य पालना | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. नागरिक कर्तव्य भनेको के हो<br>२. सामाजिक कर्तव्यअन्तर्गत के कस्ता कर्तव्यहरू पर्दछन् लेख्नुहोस् ।<br>३. हाम्रा पारिवारिक दायित्वहरूका सूची तयार पार्नुहोस् ।<br>४. विद्यार्थीले तयार पारेको गीत, कथा कविता वा वक्तृतालाई उपयुक्त रुजुसूची बनाई मूल्याङ्कन गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | नगर्दाका परिणामहरू लाई उदाहरणसहित स्पष्ट पार्ने | |
| | ५.४ सुशासन, कानुनी राज्य र लोकतान्त्रिक आचरण<br>● सुशासन .परिभाषा, आयाम र महत्त्व<br>● कानुनी राज्य परिचय र महत्त्व<br>● लोकतान्त्रिक आचरण परिचय, महत्त्व र अभ्यास | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>सहयोग र सहानुभूति | - सुशासनको परिचय र आयामलाई उदाहरण र चार्टका आधारमा स्पष्ट पार्ने<br>- सुशासनको महत्त्व र विद्यार्थीको भूमिका सम्बन्धमा मस्तिष्क मन्थन गराउने<br>- कानुनी राज्यको परिचय र महत्त्व सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- लोकतान्तिक आचरणको परिचय र महत्त्व सम्बन्धमा प्रश्नोतर गराउने साथै लोकतान्त्रिक आचरणको विकास गर्ने खालका क्रियाकलायहरू गराई अभ्यास गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. सुशासनको महत्त्व उल्लेख गर्नुहोस् ?<br>२. कानुनी राज्य नै लोकतन्त्रको आधार हो, यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>३. लोकतान्त्रिक आचरणमा के कस्ता आचरण र मूल्यहरू पर्दछन् । |
| | ५.५ नागरिक समाज<br>● परिचय<br>● भूमिका | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र समानुभूति | - नागरिक समाजको परिचय सम्बन्धमा व्यक्तिगत रूपमा लेख्न लगाई, जोडी जोडीमा छलफल गर्ने र हरेक जोडीमा विचार शिक्षण पाटीमा टिप्दै जाने<br>- नागरिक समाजको भूमिका सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउने । | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. नागरिक समाजको परिचय दिनुहोस् ।<br>२. नागरिक समाजको भूमिका बुँदागत रूपमा उल्लेख गर्नुहोस् । |
| | ५.६ विविधतामा एकता<br>- जातजाति<br>- धर्म<br>- भाषा<br>- क्षेत्र<br>- लिङ्ग<br>- अपाङ्गता | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विविधतामा एकताको अवधारणा विभिन्न चित्र, उदाहरण, चार्टमार्फत स्पष्ट पार्ने<br>- जातिगत, | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विविधतामा एकता भनेको के हो ?<br>२. नेपाल जातिगत विविधताको फूलवारी हो ? यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | - स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | धार्मिक, भाषिक, क्षेत्रीय र लैङ्गिक र अपाङ्गताका विभिन्न पक्षहरूको पहिचान र विविधतामा एकताको अन्तरसम्बन्ध खोजी गरी कक्षामा छलफल गर्न लगाउने | ३. अपाङ्गको सम्मान र अवसर आजको आवश्यकता भन्ने शीर्षकमा निबन्ध लेख्नुहोस् । |
| | ५.७ राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषय<br>● राष्ट्र र राष्ट्रियता<br>- परिचय<br>- महत्त्व<br>● राष्ट्रिय सरोकारका विषय<br>- सार्वभौम सत्ता र राष्ट्रिय अखण्डता<br>- सीमा सुरक्षा<br>- सन्धि सम्झौता र आत्मसम्मान | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - विभिन्न उदाहरण र सन्दर्भमार्फत राष्ट्र र राष्ट्रियताको परिचय दिने<br>- राष्ट्र र राष्ट्रियतासँग सम्बन्धित गीत कविता र भिडियो प्रस्तुति र छलफल गरी निष्कर्षमा पुग्ने<br>- राष्ट्रिय सरोकारका विषयमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- 'सीमा विवाद र नेपाली स्वाधीनता' सम्बन्धमा कक्षामा प्रवचन कार्यक्रम गर्न लगाई छलफल गर्न लगाउने<br>- राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषयमा पत्रपत्रिकामा छापिएका समाचार, सम्पादकीय, अन्तरवार्ता, चार्ट नक्सा आदि सङ्कलन गरी कक्षाको बुलेटिन बोर्डमा प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. राष्ट्रियताको महत्त्व सम्बन्धमा चर्चा गर्नुहोस् ।<br>२. सीमा विवादलाई समाधान गर्ने उपायहरू उल्लेख गर्नुहोस् । |
| | ५.८ नागरिक पहिचान<br>● जन्मदर्ता प्रमाणपत्र<br>● नागरिकता<br>● राष्ट्रिय परिचय | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विभिन्न उदाहरण , सन्दर्भ प्रस्तुत गर्दै नागरिकको परिचय प्रस्तुत गर्ने<br>- नागरिकता र सोको | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ नागरिकताको परिचय दिनुहोस् ? |

| | | | | |
|---|---|---|---|---|
| | पत्र | - स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | प्राप्तिका प्रावधानहरूको खोजी गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- राष्टिय परिचय पत्रको आवश्यकता वा महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गरी विचार प्रस्तुत गर्न लगाउने र उनीहरूका विचारमा अस्पष्टता रहेमा शिक्षकले थप सामग्रीमार्फत स्पष्ट पार्ने | २. राष्ट्रिय परिचय पत्र किन आवश्यक<br>हुन्छ ? |
| ६.हाम्रो पृथ्वी | ६.१ अक्षांश र देशान्तर<br>● देशान्तरबाट समयमा पार्ने प्रभाव<br>- स्थानीय समय र प्रामाणिक समय<br>● अक्षांश र हावापानी बिचको सम्वन्ध<br>● अक्षांश र देशान्तरले मानव जीवनमा पार्ने प्रभाव | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>● स्व-व्यवस्थापन सिप | ● ग्लोब, एट्लस, स्लाइड वा अन्य उपकरणको सहायताबाट अक्षांश र देशान्तरको परिचय र महत्त्व स्पष्ट पार्ने<br>● स्थानीय समय र प्रामाणिक समयको अवधारणा र भिन्नता उदाहरणसहित स्पष्ट पार्ने<br>● देशान्तरबाट समयमा पार्ने प्रभावहरू प्रश्नोत्तर, उदाहरण, चित्र आदि मार्फत प्रस्ट पार्ने<br>● देशान्तर र समयसँग सम्बन्धित गणितिय समस्याहरू विभिन्न उदाहरणसहित समाधान गर्न लगाउने<br>● अक्षांशबाट हावापानीमा पार्ने प्रभावहरूको सूची तयार पारी कक्षामा छलफल गराउने<br>● अक्षांश र देशान्तरले मानवीय क्रियाकलापमा पार्ने असर सम्बन्धमा समूह समूहमा छलफल गरी | - निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. स्थानीय समय र प्रामाणिक समय बिचको भिन्नता उल्लेख गर्नुहोस् ।<br>२. ८०ं पुर्बी देशान्तरमा रहेको चेन्नाईमा विहानको ८ बज्दा काठमाडौंमा कति बजेको हुन्छ ?<br>३. देशान्तरबाट समयमा पर्ने प्रभाव उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | निष्कर्ष प्रस्तुत गर्न लगाउने | |
| | ६.२ नेपालको धरातलीय स्वरूप<br>- निर्माण प्रक्रिया (आन्तरिक तथा बाह्य)<br>- परिचय र भौगोलिक विशेषता (हिमाल, पहाड र तराई)<br>- धरातलीय स्वरूपबाट जनजीवनमा परेको प्रभाव | • सिकाइ सिप<br>• खोजमूलक/ अनुसन्धानात्मक सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• स्व-व्यवस्थापन सिप<br>• सहयोग र सहानुभूति सिप | - नेपालको भौतिक नक्सा वा एटलसको सहायताबाट नेपालको धरातलीय स्वरूप निर्माण प्रक्रिया सम्बन्धमा प्रष्ट पार्ने<br>- नक्सा वा एटलसको सहायताले हिमाल पहाड तराईको भौगोलिक परिचय दिने र विशेषता स्पष्ट पारिदिने<br>- धरातलीय स्वरूपले जनजीवनमा पारेको प्रभाव दृष्टान्त (उदाहरण) दिन लगाई छलफल गराउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने ।<br>१. नेपालको धरातलीय स्वरूपको निर्माण कसरी भएको थियो ?<br>२. धरातलिय स्वरूपबाट जनजीवनमा परेको प्रभावको मूल्याङ्कन गर्नुहोस् । |
| | ६.३ नेपालको हावापानी<br>- परिचय (ग्रीष्मकालीन र शीतकालीन)<br>- जनजीवनमा परेको प्रभाव | • सिकाइ सिप<br>• खोजमूलक/ अनुसन्धानात्मक सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• स्व-व्यवस्थापन सिप<br>• सहयोग र सहानुभूति सिप<br>• रचनात्मक सिप | • नेपालमा पाइने विभिन्न हावापानीका प्रकार र तिनीहरूको परिचय उदाहरण, चित्र, नक्सा आदि मार्फत स्पष्ट पार्ने ।<br>• नेपालको हावापानीले जनजीवनमा पार्ने प्रभाव उदाहरणसहित समूह समूहमा प्रस्तुत गर्न लगाउने | • निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. ग्रीष्मकालीन र शीतकालीन मनसुनबिचको भिन्नता स्पष्ट पार्नुहोस् ?<br>२. हावापानीले जनजीवनमा पार्ने प्रभावहरूको सूची बनाउनुहोस् ।<br>३. विद्यार्थीले गरेको समूह क्रियाकलापलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्ने<br>- सक्रियता<br>- सहभागिता<br>- प्रस्तुति<br>- निष्कर्ष |
| | ६.४ नेपालका प्राकृतिक वनस्पति र वन जङ्गल<br>• परिचय र प्रकार<br>• मानवीय र आर्थिक क्षेत्रमा तिनको महत्त्व | • सिकाइ सिप<br>• खोजमूलक/ अनुसन्धानात्मक सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र सहानुभूति सिप<br>• रचनात्मक सिप | - ग्लोब, एटलस, नक्सा वा अन्य उपकरणको सहायताबाट नेपालको प्राकृतिक वनस्पति र वनजङ्गलको परिचय र प्रकार स्पष्ट पार्ने<br>- स्थानीयस्तरमा | • निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ तपाइँ बसेको स्थान वरपर पाइने वनस्पतिहरूको सूची तयार पार्नुहोस् ।<br>२.नेपालमा पाइने वनस्पतिहरूको महत्त्व उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | पाइने वनस्पतिको महत्त्व जोडी जोडीमा खोजी गर्न लगाई निष्कर्ष प्रस्तुत गराउने । | |
| | ६.५नेपालको खनिज तथा जलस्रोत<br>-परिचय<br>-उपयोग | ● सिकाइ सिप<br>● खोजमूलक/ अनुसन्धानात्मक सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● स्व-व्यवस्थापन सिप<br>● सहयोग र सहानुभूति सिप<br>● रचनात्मक सिप | ● नेपालको खनिज र जलस्रोतको परिचय, उपयोगसम्बन्धी समूह कार्य विभाजन गरी प्रस्तुत गर्न लगाउने<br>● जलस्रोतको नेपालको समृद्धिको आधार हो भन्ने शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | ● निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने ।<br>१. जलस्रोतको उपयोग गर्न सकिने क्षेत्रहरू कुन कुन हुन् ?<br>२.जल उत्पन्न प्रकोपका असरहरूको समीक्षा गर्नुहोस् ।<br>३.जल उत्पन्न प्रकोप व्यवस्थापनका उपायहरूको सूची तयार पार्नुहोस् । |
| | ६.६ नेपालमा घट्ने प्रमुख विपत् र तिनको न्यूनीकरण र व्यवस्थापन<br>● जलउत्पन्न प्रकोप र तिनको व्यवस्थापन<br>● मानव सृजित प्रकोप र सामाजिक दायित्व | ● खोजमूलक/ अनुसन्धानात्मक सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● स्वव्यवस्थापन सिप<br>● सहयोग र सहानुभूति सिप<br>● रचनात्मक सिप | ● जलउत्पन्न प्रकोपको सूची तयार पार्न लगाउने<br>● विभिन्न जल उत्पन्न प्रकोपको चित्र ,चार्ट उदाहरण आदि मार्फत स्पष्ट पार्ने<br>● मानव सृजित प्रकोपको र सामाजिक दायित्व सम्बन्धमा समूह समूहमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने | ● निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने ।<br>१. जलउत्पन्न प्रकोपहरूको सूची तयार पार्नुहोस् ।<br>२. मानवीय प्रकोपको कुनै तीन ओटा उदाहरण दिनुहोस् । |
| | ६.७ एसिया, युरोप र अस्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी, जनजीवन ( आर्थिक क्रियाकलाप समेत) | ● सिकाइ सिप<br>● खोजमूलक/ अनुसन्धानात्मक सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● स्व-व्यवस्थापन सिप<br>● सहयोग र सहानुभूति सिप<br>● रचनात्मक सिप | - एसिया, युरोप, अस्ट्रेलियाको प्राकृतिक नक्साको प्रयोग गरी ती महादेशहरूको धरातलीय स्वरूप, हावापानी, जनजीवनको सम्बन्धमा खोज, प्रश्नोत्तर र TPS विधिबाट स्पष्ट गराउने ।<br>- समूहगतरुपमा महादेशको थप | ● निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१ एसिया महादेशको धरातलीय स्वरूप उल्लेख गर्नुहोस् ।<br>२ युरोपको हावापानीमा विविधता छ । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।<br>३ समूहगत रूपमा गरेका कार्यलाई निम्न बुँदाहरूमा आधारित भई मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | विवरण खोजी गरी कक्षामा प्रस्तुत गर्न अभिप्रेरित गर्ने | - खोजी गरेका नयाँ तथ्यहरू<br>- सहभागिता<br>- सहयोग र समन्वय<br>- प्रस्तुति |
| | ६.८ नक्सा कार्य- नक्सा अध्ययन, निर्माण र सङ्केतको उपयोग | • सिकाइ सिप<br>• खोजमूलक/ अनुसन्धानात्मक सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• स्वव्यवस्थापन सिप<br>• सहयोग र सहानुभूति सिप<br>• रचनात्मक सिप | - नेपाल र महादेशहरूको नक्सा एटलस वा गुगल अर्थ वा ICT का माध्यमबाट अध्ययन गरी विभिन्न भौगोलिक तथ्यहरूको खोजी गर्न अभिप्रेरित गर्ने<br>- नक्सा निर्माणका आधारभूत तथ्यहरू वा जानकारी ( स्केल र सोका आधारमा दुरी निर्धारण एवम् दिशा, सङ्केत आदि) समेटिएको चार्ट वा तालिका प्रस्तुत गर्ने<br>- नेपालको आउट लाइन नक्सा कोर्न अभ्यास गराउने<br>- भौगोलिक तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्न लगाउने । | • निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको नक्सा निर्माण गरी निम्नलिखित तथ्यहरू देखाउनुहोस् :<br>- आमादब्लम हिमाल,<br>- कालुपाण्डे मार्ग<br>- नारायणी नदी<br>- चन्दननाथ मन्दिर<br>- बर्दिया राष्ट्रिय निकुञ्ज |
| ७. हाम्रो विगत | .७.१. ऐतिहासिक स्रोत, वंश र वंशावली<br>• ऐतिहासिक स्रोतहरूको खोज, अध्ययन र त्यसको संरक्षण<br>• बुद्धको भूमि कपिलवस्तुको शाक्यवंशीय इतिहास<br>• आफ्नो वंशको परिचय र वंशावली खोजी | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | • नेपालको इतिहास जान्ने ऐतिहासिक स्रोतहरूको खोजी गरी त्यसको अध्ययन र त्यसको संरक्षण गर्नका लागि छलफल गराउने<br>• गौतम बुद्धको भूमि कपिलवस्तुको शाक्यवंशीय इतिहास सम्बन्धमा छोटो परिचय दिने र शाक्य वंशीय इतिहास किन महत्त्वपूर्ण छ, छलफल गराउने<br>• आफू बस्ने क्षेत्रमा रहेका जातजातिहरूका बारेमा वंशावली अध्ययन गर्न लगाई | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने:<br>१ नेपालको इतिहास जान्ने ऐतिहासिक स्रोतहरूको सूची तयार गरी त्यसको संरक्षण गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।<br>२ गौतम बुद्धको जन्मभूमि कपिलवस्तुको सङ्क्षिप्त इतिहास उल्लेख गर्नुहोस् ।<br>३ आफू बस्ने क्षेत्रमा रहेका कुनै एक जातजातिको वंशावली तयार गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | आफ्नो वंशका बारेमा छलफल गर्न लगाउने | |
| | ७.२ पृथ्वीनारायण शाह र नेपालको एकीकरण अभियान<br>● नेपाल एकीकरणका कारणहरू<br>● नेपाल एकीकरणको प्रभाव | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● नेपालको एकीकरणमा पृथ्वीनारायण शाहको भूमिकाको छोटो परिचय दिने<br>● नेपालको एकीकरणका घटनामा आधारित भई समयरेखा निर्माण गर्न लगाउने वा कुनै घटनाक्रमका विषयलाई लिएर कक्षा कोठामा छलफल गर्दै समय रेखाको निर्माण गरिदिने<br>● नेपाल एकीकरणका गर्दा पृथ्वीनारायण शाहले व्यहोर्नु परेका वाधाहरूको परिचय गराउने<br>● नेपाल एकीकरणले नेपाली समाजमा के कस्तो प्रभाव परेको छ त्यसबारेमा छलफल गराउने<br>● नेपाल अङ्ग्रेज युद्धको सङ्क्षिप्त परिचय गराउने<br>● नेपाल अङ्ग्रेज युद्धको नेपाली समाजमा परेको प्रभावका बारेमा छोटो परिचय गराउने<br>● नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर वीरङ्गानाहरूको योगदानका बारेमा छोटो चिनारी गराउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको एकीकरणमा पृथ्वीनारायण शाहको भूमिकाबारे छोटो परिचय गराउनुहोस्<br>२. नेपालको एकीकरणमा केन्द्रित रही विभिन्न घटनाहरू उल्लेख गरी एउटा समय रेखा निर्माण गर्नुहोस् ?<br>३. नेपालको एकीकरण गर्न परिआएका बाधाहरू उल्लेख गर्दै एकीकरणका प्रभावबारे सूची तयार पार्नुहोस् ।<br>४.नेपाल अङ्ग्रेज युद्धको प्रभावहरू उल्लेख गर्नुहोस् ।<br>५. नेपाल अङ्ग्रेज युद्धमा कुनै एक वीरवीरङ्गानाको योगदानको परिचय दिनुहोस् ? |
| | ७.३ नेपाल अङ्ग्रेज युद्ध<br>● कारण र प्रभाव<br>● नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर वीरङ्गानाहरूको योगदान | - सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● नेपाल अङ्ग्रेज युद्धका कारणहरू र प्रभावहरूको सूची तयार पार्न लगाउने<br>● नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर विरङ्गनाको योगदान झल्कने गीत, कथा ,कविता तयार पार्न | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपाल अङ्ग्रेज युद्धका कारणहरूको सूची तयार पार्नुहोस् ।<br>२. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीरङ्गनाले पुर्‍याएको योगदानको चर्चा गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | लगाई छलफल गराउने ।<br>● नालापानी किल्लामा भएको नेपाल अङ्ग्रेज युद्धको लाइभ रिपोर्टिङ गरिरहेको नमुना भूमिका अभिनय गर्नुहोस् । | |
| | ७.३ राणाशासनको उदय र अन्त्यका कारणहरू<br>● राणाशासनका प्रशासनिक सामाजिक तथा आर्थिक प्रभाव | - सिकाइ सिप<br>- रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | ● राणाशासनको उदय र अन्त्यका कारणहरूको सूची तयार गरी तालिका देखाई छलफल गराउने<br>● राणाशासन व्यवस्थामा भएका प्रशासनिक, सामाजिक तथा आर्थिक परिवर्तन तालिका निर्माण गर्न लगाउने ।<br>● राणाशासन व्यवस्थाको सामाजिक आर्थिक परिवर्तनले हालको समाजमा पारेको प्रभावको बारेमा छलफल गराउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भै मूल्याङ्कन गर्ने ।<br>१. राणा शासन उदय हुनुका कारणहरूको सूची तयार गर्नुहोस् ?<br>२. राणाशासनका सामाजिक र आर्थिक प्रभावहरूलाई औँल्याउनुहोस् । |
| ८. हाम्रा आर्थिक क्रियाकलाप | ८.१ कृषि<br>- परिचय, महत्त्व<br>- व्यावसायिक र आधुनिक कृषि एवम् परम्परागत मौलिक कृषिको अवस्था, महत्त्व, विशेषता र भिन्नता<br>- कृषिको सम्भाव्यता, समस्या र समाधानका उपायहरू | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप | ● कृषिको परिचय र महत्त्व सम्बन्धमा मस्तिष्क मन्थन गराउने<br>● आफ्नो समुदायमा हुने कृषि उत्पादनको सूची तयार गर्न लगाई तीमध्ये कुन कुन परम्परागत र मौलिक हुन् ? कुन कुन आधुनिक कृषि उत्पादन हुन् ? पहिचान गर्न लगाउने र मौलिक कृषि उत्पादनको महत्त्व छलफल गर्न लगाउने<br>● स्थानीयस्तरमा व्यावसायिक कृषिको महत्त्व र सम्भावना सम्बन्धमा समूह समूहमा छलफलग गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. परम्परागत कृषि प्रणालीको महत्त्व लेख्नुहोस् ।<br>२. आधुनिक कृषि प्रणाली र परम्परागत मौलिक कृषि प्रणाली बिच भिन्नता देखाउनुहोस् ।<br>३. व्यावसायिक कृषिको महत्त्व उल्लेख गर्नुहोस् :<br>(घ) कृषिको आधुनिकीकरण हुन नसक्नुका कारणहरू के के हुन् ? |

| | | | | |
|---|---|---|---|---|
| | | | ● नेपालमा कृषिका समस्याको खोजी गरी समाधानका उपायहरू समूहगत रूपमा प्रस्तुतिकरण गर्न लगाउने | |
| | ८.२ उद्योग<br>- परिचय<br>- प्रकार (घरेलु तथा साना उद्योग, मझौला र ठुला उद्योगहरू )<br>- महत्त्व<br>- उद्योगको सम्भाव्यता, समस्या र समाधानका उपाय | ● सिकाइ सिप<br>● खोजमूलक/ अनुसन्धानात्मक सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप स्वव्यवस्थापन सिप | विद्यार्थीहरूलाई स्थानीय स्तरमा रहेका विभिन्न खालका उद्योगहरूको नाम र उत्पादित वस्तु सम्बन्धमा आफूले जानेका, अनुभव गरेका कुराहरू बताउन लगाउने ।<br>● विभिन्न प्रकारका उद्योगको चित्र, भिडियो, स्लाइड प्रदर्शन गरी प्रश्नोत्तर, छलफलद्वारा परिचय, प्रकार र महत्त्व र सम्भावना प्रस्ट पार्ने<br>● उद्योगका समस्या र समाधानका उपायहरू समूह समूहमा खोजी गरी प्रस्तुत गर्न लगाउने | ● निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. घरेलु (साना), मझौला र ठुला उद्योगबिच फरक देखाउनुहोस् ।<br>२. नेपालको सन्दर्भमा घरेलु उद्योगको महत्त्व चार बुँदामा लेख्नुहोस् ।<br>३. नेपालमा उद्योगका समस्याहरूको सूची तयार पार्नुहोस् । |
| | ८.३ व्यापार<br>- परिचय र आवश्यकता<br>- घरेलु व्यापार<br>- वैदेशिक व्यापार<br>- नेपालमा व्यापारको विविधिकरण र बजारीकरण<br>- निर्यात प्रवर्धन र आयात प्रतिस्थापनका उपायहरू<br>- व्यापारको सम्भावना र प्रवर्धन | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप स्वव्यवस्थापन सिप | ● व्यापारको परिचय, प्रकार र महत्त्व सम्बन्धमा चित्र, चार्ट स्लाइडको प्रस्तुति र छलफल गरी स्पष्ट पार्ने<br>● विद्यार्थीले उपभोग गर्ने वस्तुहरूको व्यापारको विविधीकरण, बजारीकरण र व्यापार प्रवर्धन सम्बन्धमा सम्बन्धमा चित्र, उदाहरण, प्रश्नोत्तरका माध्यमबाट प्रष्ट पार्ने<br>● बाह्य व्यापारमा आयातभन्दा निर्यातलाई बढी प्राथमिकता दिन | ● निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१.नेपालमा आयात र निर्यात हुने वस्तुहरूको सूची तयार गर<br>२. आयत न्यूनीकरण गरी निर्यात बढाउन तपाईं के के गर्न सक्नुहुन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न सकिने उपायहरू छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने | |
| | ८.४ आर्थिक योजना<br>- आर्थिक योजनाको परिचय, वर्तमान योजनाका लक्ष्य, कार्यक्रम)<br>- स्थानीय योजनाको परिचय | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप | - विभिन्न उदाहरण, चार्ट स्लाइडमार्फत आर्थिक योजनाको अवधारणा स्पष्ट पार्ने<br>- परिवारको आर्थिक योजनासँग जोडेर नेपालको आर्थिक योजना, लक्ष्य र कार्यक्रम विभिन्न उदाहरण, छलफलबाट स्पष्ट पार्ने<br>- पारिवारिक आर्थिक योजनाको ढाँचा तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- स्थानीय स्तरमा बन्ने योजना सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको आर्थिक योजनाको परिचय दिनुहोस् ।<br>२. विद्यार्थीले तयार पारेको पारिवारिक आर्थिक योजनाको ढाँचालाई निम्न आधारमा मूल्याङ्कन गर्ने<br>- समावेश गरिएका विषयवस्तु<br>- उपयुक्त ढाँचाको अवलम्बन<br>- विषयवस्तुको प्रस्तुतिकरण<br>- पारिवारिक सहयोग र सहकार्य |
| | ८.५ श्रम , रोजगार र उद्यमशीलता<br>- श्रमप्रतिको सम्मान<br>- श्रम तथा आयआर्जन, रोजगार एवम् उद्यमशीलता बिचको सम्बन्ध | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>स्वव्यवस्थापन सिप | - श्रम र रोजगारको सामान्य अवधारणा उदाहरणसहित स्पष्ट पार्ने<br>- विभिन्न उदाहरण , चित्र, घटना अध्ययनका माध्यमबाट श्रम र रोजगारको अन्तरसम्बन्ध स्पष्ट पार्ने<br>- रोजगार व्यवस्थापनका उपायहरू र स्वरोजगार र उद्यमशीलता सिर्जना गर्ने सम्बन्धमा समूहगत छलफल गरी प्रस्तुतिकरण गर्न लगाई निष्कर्ष प्रस्तुत गर्ने ।<br>- समूह समूहमा उद्यमशीलता विकास गर्न कुनै एक योजना बनाई सो योजनालाई | • निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१ श्रम र रोजगारबिचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।<br>२ उद्यमशीलताको महत्त्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यान्वयनसमेत गर्नुहोस् । | |
| ९.हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ९.१ अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग<br>● नेपालका दातृ राष्ट्र र संस्थाहरू एवम् तिनको योगदानहरू<br>● संयुक्त राष्ट्र सङ्घ र नेपाल | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप | ● नेपाललाई सहयोग गर्ने दातृ राष्ट्रहरू सङ्घ संस्थाहरूको सूची तयार गरी छलफल गराउने<br>● संयुक्त राष्ट्रसङ्घले नेपालमा गरेका सहयोगका क्षेत्र र सहयोगको सूची, नेपालले संयुक्त राष्ट्रसङ्घमा पुर्‍याएको योगदानको सूची तयार गरी छलफल गर्न लगाउने | . निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१. नेपाललाई सहयोग गर्ने दातृ राष्ट्रहरू सूची तयार गर्नुहोस् ।<br>२. संयुक्त राष्ट्र सङ्घमा नेपालले पुर्‍याएको योगदानबारे छलफल गर्नुहोस् ?<br>३. अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालले खेलेको भूमिकाको बारेमा चर्चा गर्नुहोस् । |
| | ९.२ क्षेत्रीय सङ्गठनहरू र नेपाल<br>- सार्क<br>- युरोपियन युनियन | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | ● क्षेत्रीय सङ्गठनमा आवद्ध राष्ट्रहरूको सूची तयार गरी सार्क देशहरूको नक्सासहित चिनारी गराउने<br>● क्षेत्रीय सङ्ठनको उद्देश्य, कार्यक्षेत्र तालिका/सूची/चार्ट प्रदर्शन गरी प्रश्नोत्तर गराउने र नेपालको भूमिकाका बारेमा परिचय गराउने<br>● क्षेत्रीय सङ्गठनको गतिविधि समेटी समूह समूहमा चार्ट वा तालिका तयार पार्न लगाई प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूलयाङ्कन गर्ने :<br>१. क्षेत्रीय सङ्गठनको स्थापनाको उ@श्य लेख्नुहोस् ।<br>२. क्षेत्रीय सङ्गठनका गतिविधि समेटी समूह समूहमा चार्ट वा तालिका तयार पार्न लगाउनुहोस् ?<br>३. क्षेत्रीय सङ्गठनका कुनै दुई उद्देश्यहरू लेख्नुहोस् ।<br>४. क्षेत्रीय सङ्गठनका कुनै दुईओटा कार्यक्षेत्र बताउनुहोस् । |
| | ९.४ सूचना तथा सञ्चार प्रविधिमा इमेल, इन्टरनेट, वेबसाइट, वेबपेज, मोबाइल, ल्यापटप, ट्याबलेट, अनलाइन मिडिया जस्ता सामग्रीको परिचय, उपयोग र सावधानी | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- सहयोग र सहानुभूति<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | ● मल्टिमिडिया, अनलाइन खबर, सामाजिक सञ्जालको परिचय, समुचित प्रयोग र दुरुपयोगसम्बन्धी तालिका/चार्ट, तस्बिर, वृत्तचित्र/भिडियो र सम्भव भए इन्टरनेटको प्रयोग गरी प्रश्नोत्तर, व्याख्यान, प्रदर्शनद्वारा प्रस्ट पारिदिने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. सूचना प्रविधिका साधनहरूको सूची बनाउनुहोस्<br>२. मल्टिमिडिया, अनलाइन खबर, सामाजिक सञ्जालका कुनै दुई दुईओटा फाइदा बताउनुहोस् । |
| | ९.५ समसामयिक घटनाले मानव जन जीवनमा | - सिकाइ सिप<br>- रचनात्मक | ● समसामयिक घटनाहरू सङ्कलन गर्न | तलका प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१. कुनै दुईओटा समसामयिक |

| | | | | |
|---|---|---|---|---|
| | पारेको प्रभाव<br>● जलवायु परिवर्तन<br>● विश्वव्यापी रूपमा फैलिएका महामारी भाइरस: कोभिड वा अन्य महामारी र यसको प्रभाव<br>● खेलकुद, शिक्षासम्बन्धी गतिविधि<br>● स्वास्थसम्बन्धी गतिविधि<br>● वैज्ञानिक खोज तथा आविष्कार | सोच सिप<br>- समालोचनात मक सोचाइ सिप<br>- स्वव्यवस्थाप न सिप<br>- सञ्चार सिप<br>- सहकार्य | लगाई कक्षामा पालैपालो भन्न लगाउने<br>● दैनिक पत्रपत्रिका वा रेडियो टिभीको समाचार सुनी वा हेरी एक हप्ता सम्मको समाचार सङ्कलन गर्न लगाउने<br>● समसामयिक घटनासँग सम्बन्धित रही हाजिरीजवाफ प्रतियोगिता गर्न लगाउने<br>● समसामयिक घटनासँग सम्बन्धित समाचार, चित्र, सम्पादकीय आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्न लगाउने | घटना लेखी त्यसको प्रभावसमेत उल्लेख गर्नुहोस् ।<br>२. समसामयिक घटनाको जानकारी हुँदा र जानकारी नहुँदा हाम्रो समाजमा कस्तो प्रभाव पर्न सक्छ ? उल्लेख गर्नुहोस् । |
| १०. जनसङ्ख्या र यसको व्यवस्थापन | १०.१ जनसाङ्ख्यिकीका तत्त्वहरू<br>- जन्म<br>- मृत्यु<br>- बसाइँसराइ | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थाप न सिप<br>- सहयोग र सहानुभूति सिप<br>- रचनात्मक सिप | - जनसाङ्ख्यिकीका तत्त्वहरूको सूची निर्माण गर्न लगाउने<br>- जनसङ्ख्यिकीका तत्त्वहरूको छलफल गरी छोटो प्रस्तुति गर्न लगाउने | - निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. जनसाङ्ख्यिकीका तत्त्वहरूको सूची तयार पार्नुहोस् । |
| | १०.२ नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू | - खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप<br>- सहयोग र सहानुभूति सिप<br>- रचनात्मक सिप | - चित्र, चार्ट , भिडियो आदि मार्फत जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको प्रश्नोत्तर ,छलफल गरी स्पष्ट पार्ने<br>- स्थानीय समुदायमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू समेटेर एक लेख तयार पारी कक्षामा प्रस्तुत गर्ने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको सची तयार पार्नुहोस् । |
| | १०.३ नेपालमा बसाइँसराइका | - सिकाइ सिप<br>- खोजमूलक सिप | - नेपालमा बसाइँसराइका | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित |

| | | | | |
|---|---|---|---|---|
| | कारण र असर | - सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप<br>- सहयोग र सहानुभूति सिप<br>- रचनात्मक सिप | कारणहरू सम्बन्धमा जोडी जोडीका विचारहरू सङ्कलन गरी छलफल गर्ने र अन्त्यमा शिक्षकले आफ्नो विचार समेटी प्रस्तुत गरी निष्कर्ष दिने<br>- नेपालमा बसाइँसराइका असर सम्बन्धमा मामला अध्ययन गर्न लगाई छलफलमार्फत निष्कर्षमा पुग्ने | भई मूल्याङ्क गर्ने :<br>१. नेपालमा बसाइँसराइ हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।<br>२. नेपालमा बसाइँसराइले पारेको असरहरूको सूची तयार पार्नुहोस् । |
| | १०.४ जनसङ्ख्या वृद्धिका कारण र असरहरू | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार<br>- रचनात्मक सिप | - जनसङ्ख्या वृद्धिका कारणहरूको चित्र, चार्ट आदि मार्फत स्पष्ट पारिदिने<br>- जनसङ्ख्या वृद्धिका असरहरू समूह समूह छलफल गरी समूह निष्कर्ष प्रस्तुत गर्न लगाउने । | - निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>क) जनसङ्ख्या वृद्धिका असरहरुको सूची तयार पार्नुहोस् । |
| | १०.५ जनसङ्ख्या व्यवस्थापनका उपायहरू | - सिकाइ सिप<br>- खोजमूलक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- सहयोग र सहानुभूति सिप<br>- रचनात्मक सिप | - जनसङ्ख्या व्यवस्थापनको उदाहरणसहित छोटो परिचय दिने<br>- जनसङ्ख्या व्यवस्थापनका उपायहरू झल्कने चार्ट प्रस्तुति र छलफल गराउने<br>- जनसङ्ख्या व्यवस्थापनमा युवाहरूको भूमिका विषयमा निबन्ध लेखन प्रतियोगिता गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा भई मूल्याङ्कन गर्ने :<br>(क) जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?<br>(ख) जनसङ्ख्या व्यवस्थापनका उपायहरु के के हुन ? |

## कक्षा १०

## विषयवस्तुको विस्तृतीकरण

| विषयवस्तु को क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | **१.१ सामाजिकीकरण**<br>● परिचय र तत्त्व<br>● महत्त्व | - सिकाइ सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - उदाहरणसहित प्रश्नोत्तर र छलफल विधिबाट | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको |

| | | | | |
|---|---|---|---|---|
| | ● सामाजिकीकरण गराउन सहयोर्ग निकायहरू | - समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | सामाजिकीकरणको परिचय दिने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी सामाजिकीकरणको महत्त्वका सम्बन्धमा छलफल गराउने<br>- सामाजिकीकरणका तत्त्वहरू सम्बन्धमा स्वमूल्याङ्कन गर्न गराउने<br>- सामजिकीकरण गराउने निकायहरू सम्बन्धमा पुनरवलोकन गराउँदै समूह छलफल गराई प्रस्तुति गर्न लगाउने | मूल्याङ्कन गर्ने :<br>१. सामाजिकीकरणको परिचय दिनुहोस् ।<br>२. सामाजिकीकरण महत्त्व उल्लेख गर्नुहोस् ।<br>३. तपाईंलाई सामाजिकीकरण तत्त्वहरूमध्ये कुन चाहिँ सबैभन्दा बढी महत्त्वपूर्ण लाग्छ, किन ?<br>४. सामाजिकीकरणका निकायहरू के के हुन् ?<br>५. विद्यार्थीहरूको व्यवहार निरन्तर अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | **१.२ हाम्रो पहिचान**<br>● पहिचानको अर्थ र महत्त्व<br>● हाम्रा पहिचानहरू (राष्ट्रिय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक, अपङ्गता) को परिचय र महत्त्व | - सिकाइ सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | - भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी पहिचानको अर्थ र महत्त्व सम्बन्धमा छलफल गराउने<br>- समूहमा हाम्रा पहिचानहरू (राष्ट्रिय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक) र तिनीहरूको महत्त्व सम्बन्धमा छलफल गरी प्रस्तुति गराउने र शिक्षकले निष्कर्ष दिने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी हाम्रा पहिचानहरू र तिनीहरूका महत्त्व सम्बन्धमा थप जानकारी दिने<br>- "हाम्रो पहिचान : हाम्रो गौरव" शीर्षकमा वक्तृत्व वा निबन्ध लेखन गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय पहिचान भनेको के हो ?<br>२. हाम्रा पहिचानहरू किन महत्त्वपूर्ण छन्, कारणसहित लेख्नुहोस् ।<br>३. के कारणले तपाईं नेपाली भएको गौरव गर्नुहुन्छ ?<br>४. निम्न आधारमा वक्तृता वा निबन्धको मूल्याङ्कन गर्ने<br>○ प्रस्तुतिकरण<br>○ ढाँचा<br>○ विषयवस्तु<br>○ सिर्जनातमकता |
| | **१.३ हाम्रा राष्ट्रिय गौरवहरू**<br>● नेपाललाई विश्वमा चिनाउने कुराहरू ( बहुसांस्कृतिकता, वीरता, राष्ट्रिय झन्डा, राष्ट्रिय गान, | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | - आफ्ना समुदाय, गाउँ वा सहरलाई चिनाउने कुराहरू सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेपाललाई विश्वमा चिनाउने कुराहरू सम्बन्धमा प्रश्नोत्तर गर्ने<br>- राष्ट्रिय झन्डासहित राष्ट्रिय गान गाउन | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय पहिचान भनेको के हो ?<br>२. तपाईं नेपाली भएकोमा गौरव गर्ने कारणहरू के के हुन् ?<br>३. "नेपाललाई बहुभाषिक, बहुधार्मिक र |

| | | | | |
|---|---|---|---|---|
| | सगरमाथा, लुम्बिनी, पशुपतिनाथ, जानकी मन्दिर) को परिचय र महत्त्व | | लगाउने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी हाम्रा राष्ट्रिय गौरवहरू परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>- समूह विभाजन गरी हाम्रा राष्ट्रिय गौरवहरू झल्कने चित्र, चार्ट वा पोस्टर तयार गराउने | बहुसांस्कृतिक मुलुक भनिन्छ ।" यस भनाइलाई प्रस्ट पार्नुहोस् ।<br>४. विद्यार्थीले तयार गरेका चित्र, चार्ट र पोस्टरलाई निम्न आधारमा मूल्याङ्कन गर्ने<br>○ मौलिकता र सिर्जनशीलता<br>○ साजसज्जा<br>○ विषयवस्तुसँगको तादात्म्यता |
| २.विकास का पूर्वाधार | **२.१ मानव विकास सूचकाङ्क**<br>● अवधारणा र महत्त्व<br>● नेपालको मानव विकास सूचकाङ्कको स्थिति र अन्य सार्क राष्ट्रहरूसँग तुलना<br>● नेपालको मानव विकासको अवस्था सुधार गर्ने उपायहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - मानव विकास र मानव संसाधन विकासबिचका भन्नता सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी मानव विकास सूचकाङ्कको परिचय, महत्त्व र सार्क राष्ट्रहरू र विश्वमा नेपालको स्थिति सम्बन्धमा छलफल गराउने<br>- समूहमा कुनै एउटा मानव विकास सूचकाङ्क कम भएको घटना दिई समस्या पहिचान र समाधानका उपायहरू सम्बन्धमा सुझाव दिन लगाउने<br>- नेपालमा मानव विकासको अवस्था कमजोर हुनाका कारणहरू र यसलाई सुधार गर्ने उपायहरू सम्बन्धमा समूह छलफल गरी प्रस्तुति गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. मानव विकास सूचकाङ्क भनेको के हो ?<br>२. मानव विकास सूचकाङ्कबाट के थाहा पाउन सकिन्छ ?<br>३. मानव विकास सूचकाङ्कका आधारमा नेपाल कस्तो देश हो ?<br>४. सार्क राष्ट्रहरूको मानव विकास सूचकाङ्कको विश्लेषण गर्नुहोस् ।<br>५. नेपालको मानव विकास सूचकाङ्क कम हुनुका कुनै दुईओटा कारणहरू लेख्नुहोस् ।<br>६. नेपालको मानव विकास सूचकाङ्क वृद्धि गराउनका लागि के के गर्नुपर्ला ? |
| | **२.२ दिगो विकास र यसका लक्ष्यहरू**<br>● दिगो विकासको परिचय र महत्त्व<br>● दिगो विकासका | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप | ● पूर्व कक्षाहरूमा अध्ययन गरेका कुराहरू स्मरण गराउँदै दिगो विकासको अवधारणा सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने<br>● भिडियो, स्लाइड, चित्र, | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. दिगो विकास भनेको के हो ?<br>२. दिगो विकास गर्ने कुनै चार उपायहरू |

| | | | | |
|---|---|---|---|---|
| | लक्ष्यहरू र नेपालको स्थिति<br>● दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू | - रचनात्मक सोच सिप | फोटो आदिको प्रयोग गरी दिगो विकासको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>● समूहमा दिगो विकासका लक्ष्यहरू र नेपालको स्थिति सम्बन्धमा छलफल र बुँदा टिपोट गरी प्रस्तुति र छलफल गराउने<br>● आफ्नो घर र विद्यालय वरपरको दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू सम्बन्धमा प्रश्नोत्तर गरी छलफल गराउने<br>● दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरूसँग सम्बन्धित परियोजना कार्य गराउने | उल्लेख गर्नुहोस् ।<br>३. दिगो विकासका कुनै चार लक्ष्यहरू (सन् २०१६-२०३०) लेख्नुहोस् ।<br>४. नेपालमा दिगो विकासका लक्ष्यहरूका वर्तमान स्थितिको समीक्षा गर्नुहोस् ।<br>५. निम्न आधारमा परियोजना कार्यको मूल्याङ्कन गर्ने<br>○ जिम्मेवारी वहन<br>○ व्यक्तिगत सक्रियता<br>○ प्रतिवेदन तयारी |
| | **२.३ सङ्घीय नेपाल र विकासको प्रादेशिक अवधारणा**<br>● नेपालको सामाजिक आर्थिक विकासमा सङ्घीयताले श्रृजना गरेका अवसर तथा चुनौतीहरू<br>● विकासको प्रादेशिक अवधारणाको परिचय र महत्त्व | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विकासको अवधारणा सम्बन्धमा छोटो प्रश्नोत्तर गर्ने<br>- भिडियो, स्लाइड, चित्र, फोटो, नक्सा आदिको प्रयोग गरी विकासको प्रादेशिक अवधारणाको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>- सङ्घीयताको अवधारणा सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने<br>- सङ्घीयता कार्यान्वयन हुनुअघि र पछि स्थानीय तहमा भएको विकास स्थिति सम्बन्धमा छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी सङ्घीयताको परिचय र महत्व सम्बन्धमा छलफल गराउने<br>- समूहमा नेपालमा सङ्घीयता कार्यान्यवनका चुनौती र तिनीहरूलाई सामना गर्ने उपायहरू सम्बन्धमा छलफल र बुँदा टिपोट गरी | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विकासको क्षेत्रीय अवधारणा भनेको के हो ?<br>२. सङ्घीयताको परिचय दिनुहोस् ।<br>३. सङ्घीयताका कुनै चार फाइदाहरू लेख्नुहोस् ।<br>४. नेपालमा सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्न के के कुराहरूमा ध्यान दिनुपर्ला ? |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्तुति र छलफल गराउने | |
| | **२.४ नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरू**<br>● राष्ट्रिय गौरवका विकास आयोजनाको परिचय<br>● नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको सामान्य जानकारी र महत्त्व | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विकास आयोजनाको परिभाषा सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने<br>- भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी विकास आयोजनाका प्रकार सम्बन्धमा छलफल गराउने<br>- विभिन्न अध्ययन सामग्रीका आधारमा समूह छलफल गराई एक एक राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र महत्त्व सम्बन्धमा बुँदा टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुति र छलफल गराउने<br>- राष्ट्यि गौरवको विकास आयोजनाका फाइदा सम्बन्धमा उदाहरणसहित छलफल गरी स्पष्ट पारिदिने<br>- समूहमा आफू बसेको प्रदेशका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको समीक्षा तयार गरी कक्षामा प्रदर्शन गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विकास आयोजना भनेको के हो ?<br>२. विकास आयोजना कति प्रकारका हुन्छन् र ती कुन कुन हुन् ?<br>३. नेपालमा सञ्चालित कुनै आठ राष्ट्रिय गौरवका आयोजनाहरूका सूची तयार पार्नुहोस् ।<br>४. तपाईंले आफू बसेको प्रदेशमा कुनै दुईओटा राष्ट्रिय गौरवका विकास आयोजनाहरू थप गर्न सिफारिस गर्नु परेमा कुन कुन विकास आयोजना सिफारिस गर्नुहुन्छ, कारणसहित लेख्नुहोस् । |
| ३.हाम्रा सामाजिक मूल्य मान्यता | **३.१ हाम्रा सम्पदाहरू**<br>● सम्पदाको परिचय र प्रकार<br>● सम्पदा संरक्षणका चुनौती र संरक्षणका उपायहरू<br>● विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको परिचय, महत्त्व र प्रवर्धन गर्ने उपायहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सांस्कृतिक सिपहरू<br>- निर्णय तथा समस्या समाधान सिप | - विद्यालय वरपरका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको भ्रमण गराई परिचय र प्रकार सम्बन्धमा छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा सम्बन्धमा थप जानकारी दिँदै तिनीहरूको अवस्था सम्बन्धमा छलफल गराउने<br>- सम्पदा संरक्षणका चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. सम्पदा भनेको के हो, ती कति प्रकारहरू हुन्छन् ?<br>२. नेपालका सम्पदाहरूलाई संरक्षण गर्नु किन आवश्यक छ ? चार बुँदामा लेख्नुहोस् ।<br>३. नेपालका सम्पदाहरू संरक्षण गर्ने कुनै चार उपायहरू लेख्नुहोस् ।<br>४. विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको सूची |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्तुत गराउने र निष्कर्ष दिने<br>- समूहमा सम्पदा संरक्षणका चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा छलफल गरी कक्षामा प्रस्तुति गर्न लगाउने<br>- कक्षालाई पाँच समूहमा विभाजन गरी विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका दुई दुई सम्पदाको परिचय, महत्त्व र प्रवर्धन गर्ने उपायहरू सम्बन्धमा बुँदा सङ्कलन गरी कक्षामा प्रस्तुति र छलफल गराउने<br>- नेपालको नक्सामा विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरू अङ्कित गर्न लगाउने | बनाउनुहोस् ।<br>५. लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा किन सूचीकृत गरिएको हो ?<br>६. तपाईंले विश्वसम्पदा सूचीमा कुनै दुई नेपालका सम्पदा सूचीकृत गराउन पाउनुभयो भने कुन कुन सम्पदा सूचीकृत गर्नहुन्थ्यो र किन ?<br>७. विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको प्रवर्धन गर्न कुनै चार उपायहरूको सूची बनाउनुहोस् । |
| | **३.२ हाम्रो लोक तथा शास्त्रीय कला**<br>● नेपालका मुख्य लोकगीत, लोकनृत्य र लोकबाजाहरूको परिचय तथा महत्त्व<br>● नेपालका लोकगीत, लोकनृत्य र लोकबाजाहरूका चुनौती र संरक्षणका उपायहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- बहुसांस्कृतिक साक्षरता<br>- सांस्कृतिक सिपहरू | - भिडियो (सम्भव नभए अडियो वा फोटो) प्रयोग गरी नेपालका मुख्य लोकगीत, लोकनृत्य र लोकबाजाहरू सम्बन्धमा छलफल गराउने<br>- विद्यार्थीहरूका समुदायमा भएका लोकगीतहरू गाउन र लोकनृत्य प्रदर्शन गर्न लगाउने<br>- लोकगीत, लोकबाजा तथा लोकनृत्यका बिचको आपसी सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- लोकनृत्य र शास्त्रीय नृत्यबिचका भिन्नता सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- सिकाइ सामग्री अध्ययन गर्न लगाई समूहमा नेपालका लोकगीत, लोकनृत्य र लोकबाजाहरूका महत्त्व, चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा बुँदा टिपोट गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. लोकगीत/लोकनृत्य/लोकबाजा भनेको के हो ?<br>२. लोकगीत/लोकनृत्य/लोकबाजाको विशेषताहरूको सूची तयार पार्नुहोस् ।<br>३. कनै चार प्रकारका लोकगीत/लोकनृत्य/लोकबाजाहरूको परिचय दिनुहोस् ।<br>४. लोकगीत/लोकनृत्य/लोकबाजाको महत्त्वको सूची बनाउनुहोस् ।<br>५. लोकगीत/लोकनृत्य/लोकबाजाहरू किन सङ्कटमा परेका छन् ?<br>६. लोकगीत/लोकनृत्य/लोकबाजाहरू संरक्षण गर्ने उपायहरू उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | **३.३ हाम्रा राष्ट्रिय दिवसहरू**<br>● मुख्य राष्ट्रिय दिवस ( संविधान, गणतन्त्र, सहिद, मजदुर, नारी, शिक्षा, बाल दिवस आदि) को परिचय र महत्त्व<br>● राष्ट्रिय दिवसहरू मनाउने तरिकाहरू | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप<br>- निर्णय तथा समस्या समाधान सिप | राष्ट्रिय दिवसको परिभाषा सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने<br>भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी नेपालका मुख्य राष्ट्रिय दिवसहरूको परिचय सम्बन्धमा छलफल गराउने<br>नेपालका मुख्य राष्ट्रिय दिवसहरूको महत्त्व सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>कुनै एक राष्ट्रिय दिवस मनाउनका लागि कार्य विभाजन र तयारी गरी कक्षामा नमूना प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय दिवस भनेको के हो ?<br>२. हामी राष्ट्रिय दिवस किन मनाउनुपर्दछ ?<br>३. राष्ट्रिय दिवस मनाउने हाल प्रचलित तरिकामा के के सुधार गर्नपर्ला ?<br>४. नेपालमा मनाइने कुनै चार राष्ट्रिय दिवसहरूको मितिसहित सूची तयार पार्नुहोस् ।<br>५. यस वर्षको बालदिवस मनाउनका लागि कार्यक्रम सूची तयार गर्नुहोस् । |
| | **३.४ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू ( नेलसन मण्डेला, मलाला युसफजाई)**<br>● नेलसन मण्डेला र मलाला युसफजाईको जीवनी, समाजमा योगदान र प्राप्त हुने प्रेरणा | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | - भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी नेलसन मण्डेला र मलाला युसफजाई सम्बन्धमा छलफल गराउने<br>- समूहमा विभाजन गरी नेलसन मण्डेला र मलाला युसफजाईका जीवनका विभिन्न पक्षहरू र योगदान सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेलसन मण्डेला र मलाला युसफजाईका सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेलसन मण्डेला र मलाला युसफजाईका जीवनीबाट प्राप्त हुने प्रेरणा सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- कुनै एक राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्व ( नाम दिएर) सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी जीवनी लेख्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनी अध्ययन गर्नु किन आवश्यक छ ?<br>२. नेलसन मण्डेलाले गरेका महत्त्वपूर्ण कामहरूको सूची तयार पार्नुहोस् ।<br>३. मलाला युसफजाईको जीवनीबाट तपाईंले प्राप्त गरेको प्रेरणाका सम्बन्धमा बताउनुहोस् ।<br>४. स्थानीय स्तरमा योगदान दिएका कुनै एक व्यक्तिको छोटो जीवनी लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | **३.५ विश्ववन्धुत्व र मानवता**<br>● विश्ववन्धुत्व र मानवताको परिचय र मानव जीवनमा तिनले पारेको प्रभाव<br>● बदलिँदो विश्व परिवेशमा सामाजिक सांस्कृतिक अन्तरघुलन र मानवीय मूल्य मान्यताको महत्त्व | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | - विश्ववन्धुत्व सम्बन्धमा पालैपालो *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने<br>- विश्ववन्धुत्वको पूर्वीय परम्परा र मानवता सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने, जस्तैः वसुधैव कुटुम्बकम्<br>- विश्वबन्धुत्व र मानवताको वर्तमान अवस्थाबारे केही घटनाहरू अध्ययन गराई छलफल गराउने<br>- समूहमा मानवता र विश्ववन्धुत्वले मानव जीवनमा पारेको प्रभाव र बदलिँदो विश्व परिवेशमा आवश्यक सामाजिक सिपहरू सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- विश्वग्राम र विश्ववन्धुत्व शीर्षकमा निबन्ध लेख्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विश्वबन्धुत्व भनेको के हो ?<br>२. विश्वग्रामको परिचय दिनुहोस् ।<br>३. 'वसुधैव कुटुम्बकम्' को अर्थ बताउनुहोस् ।<br>४. विश्वग्राम र विश्ववन्धुत्वले मानव जीवनमा पारेको प्रभावको सूची बनाउनुहोस् ।<br>५. वर्तमान परिवेशमा विश्वबन्धुत्वको महत्त्व बताउनुहोस् ।<br>६. विश्वबन्धुत्वको अभिवृद्धिका लागि उपयुक्त उपायहरू उल्लेख गर्नुहोस् । |
| | **३.६ जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व**<br>● जेष्ठ नागरिकको परिचय, भूमिका, सम्मान र सामाजिक दायित्व<br>● नेपालमा जेष्ठ नागरिकसम्बन्धी कानुनी व्यवस्था र सामाजिक सुरक्षा<br>● असहाय एवम् अपाङ्गता भएका व्यक्तिको परिचय, भूमिका, कानुनी व्यवस्था र सामाजिक दायित्व | - सिकाइ सिप<br>- प्रयोग सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>- समालोचनात्मक सोचाइ सिप<br>- सञ्चार सिप<br>- रचनात्मक सोच सिप | - जेष्ठ नागरिकको परिचय सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी जेष्ठ नागरिकको महत्त्व र नेपालमा जेष्ठ नागरिक सम्वन्धि कानुनी व्यवस्था र सामाजिक दायित्व सम्बन्धमा छलफल गराउने<br>- समूहमा जेष्ठ नागरिक तथा असहाय एवम् अपाङ्गता भएका व्यक्तिहरूप्रतिको दायित्व सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- जेष्ठ नागरिक तथा असहाय एवम् अपाङ्गता भएका व्यक्तिहरूप्रति व्यक्ति र समुदायको भूमिकासम्बन्धी अभिनय गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. ज्येष्ठ नागरिकको परिचय दिनुहोस् ।<br>२. कुनै चार बुँदामा ज्येष्ठ नागरिकको महत्त्व लेख्नुहोस् ।<br>३. ज्येष्ठ नागरिकसम्बन्धी के के कानुनी व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।<br>४. असहाय एवम् अपाङ्गता भएका व्यक्तिहरू र हाम्रो दायित्व' शीर्षकमा एउटा छोटो भाषण तयार पार्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| ४.सामाजिक समस्या र समाधान | ४.१ सामाजिक समस्याहरू: पहिचान, असर र समाधान<br>● मानव वेचविखन<br>● यौन विकृति र विसङ्गतिहरू<br>● घरेलु हिंसा<br>● *भ्रष्टाचार*<br>● *स्रोत साधनको दोहन* | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - समाजमा रहेका विभिन्न समस्याहरूको पहिचान गरी सूची तयार गर्न लगाउने<br>- मानव वेचविखन, घरेलु हिंसा, यौन विकृति र विसङ्गति,स्रोत साधनको दोहन र भ्रष्टाचारको अवधारणा र समाजमा पार्ने असर सम्बन्धमा चित्र प्रदर्शन, छलफल, कथा कविता आदि मार्फत प्रस्तुतिकरण गर्न लगाउने<br>- मानव वेचविखन, घरेलु हिंसा, स्रोत साधनको दोहनको नियन्त्रण र भ्रष्टाचारको समाधानका उपायहरू सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने ।<br>- मानव वेचविखन, घरेलु हिंसा, स्रोतसाधनको दोहन र भ्रष्टाचार विरुद्धको चित्र वा पोस्टर तयार पार्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउने । | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१.मानव बेचविखन सामाजिक अपराध हो ? किन ?<br>२. स्रोतसाधनको दोहनले समाजमा पार्ने असर सम्बन्धमा सूची तयार पार्नुहोस् ।<br>३. विद्यार्थीले तयार पारेको चित्र वा पोस्टरलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>(क) डिजाइन<br>(ख) सन्देश<br>(ग) प्रस्तुति<br>(घ) विषयवस्तुसँगको तादात्म्यता |
| | ४.२ प्रथाहरू : (घुम्टो, , छाउपडी ) | - निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - विभिन्न प्रथाहरूको परिचय र तिनले समाजमा पार्ने असर सम्बन्धमा ब्रेनस्टोर्मिङ गर्न लगाउने<br>- ती प्रथाको निराकरणमा विभिन्न निकायहरूको भूमिका सम्बन्धमा जोडी जोडीमा अन्तरक्रिया गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने । | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने<br>१. घुम्टो प्रथाले समाजमा पार्ने असरहरू के के हुन ? लेख्नुहोस् ।<br>२. छाउपडि प्रथालाई हटाउन अपनाउन सकिने कुनै व्यवहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । |
| | ४.३ समस्या पहिचान र समस्या समाधानको सिप | - निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - समस्या पहिचान र समस्या समाधान सम्बन्धमा विभिन्न घटनाहरू बनाएर प्रस्तुत गर्ने<br>- समस्या समाधानका चरणहरूमा अभ्यास गराउने<br>- समस्या समाधानलाई जीवनपद्धतिका रूपमा विकास गराउन अभिप्रेरित गर्ने अभ्यास | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ कसरी समस्या समाधान गर्न सकिन्छ ?<br>२. समस्या समाधानका व्यावहारिक उपायहरू के के हुन् ? |

| | | | | |
|---|---|---|---|---|
| | | | गराउने | |
| | ४.४ सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका<br>संयुक्त राष्ट्रसङ्घीय सङ्घसंस्था<br>(युनिसेफ, युनेस्को, आइएलओ आदि) | - समालोचनात्मक सोचाइ सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - सामाजिक समस्या समाधानमा संलग्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको सूची तयार पार्न लगाउने<br>- सामाजिक समस्या समाधानमा संलग्न विभिन्न अन्तर्राष्टिय सङ्घसंस्थाको छोटो परिचय र योगदान उल्लेख भएको चार्ट वा तालिका प्रस्तुति गरी र छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न<br>१ सामाजिक समस्या समाधानमा युनिसेफले खेलेको भूमिका उल्लेख गर्नुहोस् ?<br>२. आइएलओ सामाजिक समस्या समाधानका सक्रिय संस्था हो, कसरी ? |
| ५. नागरिक चेतना | ५.१ राज्यका प्रमुख तीन अङ्गहरू<br>• कार्यपालिका, न्यापालिका र व्यवस्थापिकाको परिचय र कार्यहरु<br>• शक्ति सन्तुलन र नियन्त्रणको अवधारणा | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप | - विभिन्न चित्र चार्ट तालिका देखाउँदै राज्यका प्रमुख तीन अङ्गहरूको परिचय, कार्य र अन्तरसम्बन्ध उल्लेख गर्ने<br>- शक्ति सन्तुलन र नियन्त्रण (कार्यपालिका, न्यापालिका र व्यवस्थापिका) को अवधारणा र महत्त्व सम्बन्धमा समूहगत रूपमा छलफल, अन्तरक्रिया गर्न लगाई निष्कर्ष प्रस्तुत गनृ लगाउने<br>- शक्ति सन्तुलन र नियन्त्रण सम्बन्धमा जानकार व्यक्तिलाई आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न<br>१ कार्यपालिकाका कार्यहरू लेख्नुहोस् ?<br>२. शक्ति सन्तुलन र नियन्त्रणलाई परिभाषित गर्नुहोस् ?<br>३. कानुन बनाउने निकाय भन्नाले राज्यको कुन अङ्गलाई चिनिन्छ ? |
| | ५.२ संवैधानिक अङ्गहरूको परिचय र महत्त्व | - समालोचनात्मक सोचाइ सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - विभिन्न संवैधानिक अङ्गहरूको सूची तयार पार्न लगाउने<br>- ती संवैधानिक अङ्गहरूको व्यवस्था संविधानको कुन भाग र धारामा छ, जोडी जोडीमा खोजी गर्न लगाउने<br>- संवैधानिक अङ्गहरूको परिचय र महत्त्व सम्बन्धमा छलफल र अन्तरक्रिया गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न<br>१ निर्वाचन आयोगको महत्त्व उल्लेख गर्नुहोस् ?<br>२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका चर्चा गर्नुहोस् ? |
| | ५.३ राजनीतिक दल<br>- परिचय<br>- भूमिका र जिम्मेवारी | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विद्यार्थीहरूलाई आफूलाई थाहा भएका राजनीतिक दलहरूको नाम भन्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | - स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - ती राजनीतिक दलको परिचय र भूमिका के हो भन्ने सम्बन्धमा TPS गराउने<br>- राजनीतिक दल प्रजातन्त्र, मानवअधिकार र स्वतन्त्रताका संरक्षण हुन भन्ने सम्बन्धमा समाचारको सम्पादकीय तयार पार्न लगाउने<br>- नेपालका राष्ट्रिय मान्यता प्राप्त दल, उनीहरूको परिचय, ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था आदि खोजी गरी प्रतिवेदन तयार गर्ने गरी परियोजना कार्य गराउने | १ हाल राष्टिय मान्यता प्राप्त दलहरूको सूची तयार पार्नुहोस् ?<br>२. राजनीतिको भूमिका सम्बन्धमा एक पृष्ठ लामो लेख तयार पार्नुहोस् ? |
| | ५.४ निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br><br>सहयोग र सहानुभूति | - निर्वाचन प्रक्रिया सम्बन्धमा स्लाइड वा चार्टमार्फत छोटो प्रस्तुतिकरण दिने<br>- निर्वाचनमा नागरिकले खेल्नुपर्ने( निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचन पश्चात्) को भूमिका सम्बन्धमा नाटकीकरण गराई छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ निर्वाचन स्वस्छ र निष्पक्ष हुनुपर्दछ ? यस भनाईलाई पुष्टि गर्नुहोस् ।<br>२. निर्वाचनपश्चात् नागरिकले कस्तो भूमिका खेल्नुपर्दछ ? |
| | ५.५ मानव अधिकार<br>• मानव अधिकारको अवधारणा र महत्व<br>• मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र<br>• महिला अधिकार | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - विभिन्न उदाहरण, चित्र, सन्दर्भमार्फत मानव अधिकारको अवधारणा स्पष्ट पार्ने<br>- मानव अधिकारको आन्दोलनका अग्रणी व्यक्तित्व इलेनोर रुजवेल्टको योगदान सम्बन्धमा खोजी गरी कक्षामा भन्न लगाउने<br>- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लिखित अधिकारहरूको पहिचान गर्न लगाउने<br>- महिला अधिकारको अवधारणा र यसको आवश्यकता एवम् नेपालमा यस सम्बन्धमा भएका संस्थागत र नीतिगत | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न<br>१. मानवअधिकार भनेको के हो ?<br>२. महिला अधिकार भित्र कस्ता कस्ता अधिकारहरु पर्दछन् । |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था सम्बन्धमा चित्र, चार्ट, तालिका उदाहरण आदिका माध्यमबाट स्पष्ट पार्ने<br>- आदिवासी जनजाति र दलित अधिकार र सवाल सम्बन्धमा कक्षामा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने | |
| | ५.६ उपभोक्ता अधिकार<br>- परिचय<br>- महत्त्व<br>- सचेतना | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप | - उपभोक्ता अधिकारको परिचय र महत्त्व सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाउने<br>- उपभोक्ता अधिकार र सचेतना सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता गर्न लगाई अधिकारप्रति सचेत गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ उपभोक्ता शिक्षाको परिचय दिनुहोस् ?<br>२. उपभोक्ता अधिकारप्रति किन सचेत रहनु पर्दछ ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् । |
| | ५.७ मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिका | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br><br>सहयोग र सहानुभूति | - मानव अधिकार संरक्षणमा संलग्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूको सूची तयार पार्न लगाउने<br>- मानव अधिकार संरक्षणमा संलग्न विभिन्न निकायहरूको परिचय र भूमिका खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ मानव अधिकार संरक्षणमा संलग्न निकायहरूको सूची तयार पार्नुहोस् । |
| | ५.९ नागरिक पहिचान<br>• जन्मदर्ता प्रमाणपत्र<br>• नागरिकता<br>• राष्ट्रिय परिचय पत्र | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- स्वव्यवस्थापन सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - विभिन्न उदाहरण , सन्दर्भ प्रस्तुत गर्दै नागरिकको परिचय प्रस्तुत गर्ने<br>- नागरिकता र सोको प्राप्तिका प्रावधानहरूको खोजी गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- राष्टिय परिचय पत्रको आवश्यकता वा महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गरी विचार प्रस्तुत गर्न लगाउने र उनीहरूका विचारमा अस्पष्टता रहेमा शिक्षकले थप सामग्रीमार्फत स्पष्ट | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ नागरिकताको परिचय दिनुहोस् ?<br>२. राष्ट्रिय परिचय पत्र किन आवश्यक हुन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | | पार्ने | |
| ६.हाम्रो पृथ्वी | ६.१ विश्वको हावापानी<br>● विश्वको हावापानीमा प्रभाव पार्ने तत्वहरु<br>● विश्वको हावापानीका प्रकार<br>- उष्ण प्रदेशीय, समशीतोष्ण प्रदेशीय र शीत प्रदेशीय हावापानी<br>- विश्वको हावापानी र धरातलीय विविधताबाट वनस्पति, जिवजन्तु र मानविय जनजीवनमा पर्ने प्रभाव | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप | - ग्लोब, नक्सा, स्लाइड आदिको प्रयोगबाट विश्वको हावापानीमा प्रभाव पार्ने तत्वहरु सम्बन्धमा अन्तरक्रिया, प्रश्नोत्तर, खोज आदि विधिको प्रयोग गरी छलफल गराई निष्कर्ष प्रस्तुत गर्ने<br>- ऊष्ण प्रदेशीय, समशीतोष्ण प्रदेशीय र शीत प्रदेशीय हावापानीको अवस्था झल्कने चार्ट प्रस्तुत गरी छलफल गर्ने<br>- विभिन्न प्रकारका हावापानी पाइने क्षेत्र, विशेषता र जनजीवनमा पारेको प्रभाव सम्बन्धमा समूहगत रूपमा खोजी गरी प्रस्तुत गर्न लगाउने<br>- विश्वको वनस्पती र जीवजन्तु एवम् हावापानीको प्रभावको सम्बन्धमा छलफल, अन्तरक्रिया गर्ने<br>- भूमध्यरेखीय, समशीतोष्ण, मौसमी क्षेत्रको हावापानी वा धरातलीय विविधताबाट जनजीवनमा परेको प्रभाव उदाहरण दिई प्रस्ट पार्ने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>(क) ऊष्णप्रदेशीय हावापानीका क्षेत्रहरू उल्लेख गर्नुहोस् ।<br>(ख) शीत प्रदेशमा पाइने विभिन्न हावापानीहरूका विशेषता उल्लेख गर्नुहोस् ।<br>(ग) विश्वमा पाइने वनस्पति र जीवजन्तुको सूची/तालिका बनाई देखाउनुहोस् ।<br>(घ) हावापानी र धरातलीय विविधताबाट जनजीवनमा पर्ने प्रभावका कुनै चार उदाहरणसहित प्रष्ट पार्नुहोस् । |
| | ६.३ उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीप<br>● भौगोलिक अवस्था<br>● सामाजिक र आर्थिक क्रियाकलाप<br>● उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजिवनबिच तुलना । | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>स्वव्यवस्थापन सिप | - ग्लोब, नक्सा, स्लाइड आदिको प्रयोग गरी उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिका सम्बन्धमा प्रश्नोत्तर, छलफल वा खोज गर्न लगाई निष्कर्ष पस्तुत गर्न लगाउने<br>- उत्तर र दक्षिण अमेरिका एवम् अफ्रिकाका सामाजिक र आर्थिक क्रियाकलाप सम्बन्धमा समूह समूहमा रही छलफल गर्ने र समूहको निष्कर्ष | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>(क) उत्तर अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् ।<br>(ख) दक्षिण अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्तुत गर्न लगाउने<br>- विभिन्न चित्र, उदाहरण, नक्सामार्फत उत्तर र दक्षिण अमेरिका एवम् अफ्रिकाको नेपालसँग प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनसँग तुलना गर्न लगाउने । | (ग) उत्तर अमेरिका र नेपालबिचको प्राकृतिक सम्पदा र सामाजिक आर्थिक जनजीवनको तुलना गर्नुहोस् । |
| | ६.४ प्राकृतिक प्रकोप : भूकम्प ज्वालामुखी विस्फोटका कारण र तिनको असर | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप स्वव्यवस्थापन सिप | - स्थानीय स्तरमा हुने गरेका वा विद्यार्थी देखे भोगेका आधारमा प्राकृतिक प्रकोपको सूची तयार पार्न लगाउने<br>- भूकम्प, यसका कारण र यसबाट बच्ने उपाय सम्बन्धमा चित्र, भिडियो वा सिमुलेसन अभ्यासमार्फत स्पष्ट पार्ने<br>- ज्वालामुखीको परिचय दिँदै यसका कारण र असर एवम् सावधानीका उपाय सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न लगाउने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ भूकम्प जाने कारणहरूको चर्चा गर्नुहोस् ।<br>२ भूकम्प र ज्वालामुखी बिच फरक देखाउनुहोस् । |
| | ६.५ नक्सा कार्य<br>- नक्सा उतार्ने विधि/तरिका<br>- नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिहरू (जिआइएस, जिपिएस्) | - सिकाई सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप स्वव्यवस्थापन सिप | - विभिन्न किसिमका नक्सा उतार्ने विधिको प्रयोगात्मक अभ्यास गराउँदै नेपाल तथा विश्वको नक्सामा विभिन्न तथ्यहरू उपयुक्त संकेत सहित भर्न लगाउने<br>- नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिहरू जिआइएस, जिपिएसलगायत अन्य विधिहरूको सामान्य परिचय दिने र यी प्रविधिको व्यावहारिक उपयोगिता सम्बन्धमा छलफल गरी व्यावहारिक प्रयोगसमेत गराउने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ विश्वको नक्सामा हिमाल, मुख्य सहर, नदी, ताल भर्न लगाई मूल्याङ्कन गर्ने । |
| ७ . हाम्रो विगत | ७.१ २००७ सालको क्रान्ति र दिल्ली सम्झौता<br>● पृष्ठभूमि र कारण<br>● सम्झौताका मुख्य मुख्य बुँदाहरू | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप | - २००७ सालको क्रान्तिका पृष्ठभूमि, कारण र जनसहभागिताबारे छलफल गराउने<br>- दिल्ली सम्झौताका बुँदाहरूका बारेमा एउटा वादविवाद गराउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. २००७ सालको क्रान्तिका |

| | | | | |
|---|---|---|---|---|
| | | | | कारणहरू उल्लेख गर्नुहोस् ?<br>२. २००७ सालको क्रान्ति कसरी अन्त्य भएको थियो ? |
| | ७.२ प्रजातान्त्रिक व्यवस्थाको एक दशक (२००७-२०१७)<br>● घटनाक्रम<br>● प्रभाव<br>● पञ्चायती व्यवस्थाको उदय र राजनीतिक दलमाथिको प्रतिबन्ध | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - वि. सं. २००७ सालदेखि २०१७ सालसम्मको प्रमुख राजनीतिक घटनाक्रमहरूको सूची तयार गरी छलफल गराउने<br>- २०१७ सालमा भएको पञ्चायती व्यवस्थाको उदयका बारेमा छलफल गराउँदै राजनीतिक दलमाथिको प्रतिबन्धका बारेमा परिचय गराउने<br>- वि. सं. २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख राजनीतिक घटनाक्रमहरू उल्लेख गरी समय रेखा निर्माण गराउने | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१. वि. सं. २००७ साल देखि २०१७ सालसम्मको प्रमुख राजनीतिक घटनाक्रमहरूको सूची तयार गर्नुहोस् ?<br>२. पञ्चायती व्यवस्थाका उदय हुनाका कारणहरू उल्लेख गर्दै प्रतिबन्ध लगाइएका राजनीतिक दलहरूको सूची तयार गर्नुहोस् । |
| | ७.३ वि. सं. २०१७ देखि वि.सं.२०७४ सम्मका प्रमुख राजनीतिक घटनाहरू<br>● वि.सं.२०४६ सालको जनआन्दोलन र बहुदलीय व्यवस्थाको पुनःस्थापना<br>● वि. सं. २०४६ देखि २०७४ सम्मका राजनीतिक घटनाक्रम<br>● दोस्रो जनआन्दोलनपछि परेको सामाजिक र आर्थिक प्रभाव | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति<br>● | - वि. सं. २०१७ देखि .सं.२०४६ सम्मको प्रमुख राजनीतिक घटनाहरूको जानकारी गराउने<br>- वि. सं. २०१७ देखि .सं.२०४६ सम्मको प्रमुख राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्न लगाउने<br>- वि. सं. २०४६ सालको पहिलो जनआन्दोलन र बहुदलीय व्यवस्थाको पुनःस्थापनाबारे छलफल गराउने<br>- वि. सं. २०४६ देखि .सं.२०७४ सम्मका प्रमुख राजनीतिक घटनाहरूमा आधारित भई समयरेखा निर्माण गर्न लगाउने<br>- वि. सं. २०४६ र वि. सं. २०६२/६३ को आन्दोलनका उपलब्धिका बिचमा | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ वि. सं. २०१७ देखि सं.२०४६ सम्मका प्रमुख राजनीतिक घटनाहरूको सूची तयार गर्नुहोस् ।<br>२ वि. सं. २०१७ देखि .सं.२०४६ सम्मका प्रमुख राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्नुहोस् ।<br>३ वि. सं. २०४६ सालको बहुदलीय व्यवस्थाको पुनःस्थापना हुनुका कारणहरू के कृ हुन् उल्लेख गर्नुहोस् ?<br>४ जनआन्दोलन २०४६ का उपलब्धिहरूको सूची तयार गर्नुहोस् ।<br>५ वि. सं. २०४६ देखि सं. २०७४ सम्मका प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| | | | समानता र भिन्नतालाई बुद्धागत रूपमा छलफल गराउने ।<br>- दोस्रो जनआन्दोलनपछि नेपाली समाजमा परेको सामाजिक र आर्थिक प्रभावका बारेमा छलफल गराउने<br>- दोस्रो जनआन्दोलनपछि हालसम्म भए गरेका आर्थिक एवम् सामाजिक प्रभाव तालिका बनाई प्रस्तुत गर्न लगाउने | राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्न गर्नुहोस् । |
| | ७.४ प्रथम र दोस्रो विश्वयुद्ध<br>• कारणहरू<br>• परिणामहरू<br>• नेपालीको भूमिका | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - पहिलो विश्वयुद्धका कारणहरूलाई सूचीबद्ध गरी छलफल गराउने<br>- प्रथम विश्वयुद्धका भई सकेपछि यसको प्रभाव विश्वभरि कस्तो पऱ्यो, त्यसका परिणामहरू कस्ता निस्किए, त्यसबारेमा बताइदिने ।<br>- प्रथम विश्वयुद्धमा घटेका प्रमुख घटनाहरू र मिति उल्लेख गरी समय रेखा निर्माण गर्न लगाउने ।<br>- दोस्रो विश्वयुद्ध र कारणहरू सूचीबद्ध गरी छलफल गराउने<br>- विश्वको राजनीतिक नक्सामा द्वितीय विश्वयुद्धमा संलग्न राष्ट्रहरू, प्रमुख घटना भएका स्थानहरू नक्सामा भर्न लगाई सबैले देख्ने ठाउमा टाँस्न लगाउने<br>- दोस्रो विश्वयुद्ध भई सकेपछि निस्किएका परिणामबारे छलफल गराउने । साथै दुवै विश्वयुद्धमा नेपालीले खेलेको भूमिकालाई बताइदिने । | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) प्रथम विश्वयुद्धका कारणहरूलाई सूचीबद्ध गर्नुहोस् ।<br>(ख) प्रथम विश्वयुद्धपछि के कस्ता परिणामहरू निस्किए, छलफल गर्नुहोस् ।<br>(ग) दोस्रो विश्वयुद्धका कारण र परिणामहरूलाई सूचीबद्ध गर्नुहोस् । |
| | ७.५ ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी, पहिचान, संरक्षण र संवर्धन | - सिकाइ सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न के कस्ता उपायहरू गर्नुपर्छ त्यसबारेमा छलफल गर्न लगाउने त्यसपछि समूहमा विभाजन गरी | निम्नलिखित प्रश्न र क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१. आफ्नो टोलछिमक वा आफू बसोबास गर्ने क्षेत्रमा भएका ऐतिहासिक स्मारकहरूको खोजी |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रत्येक समूहलाई ऐतिहासिक स्थलहरूको नाम सूचीबद्ध गर्न लगाएर संरक्षण र संवर्धनको विवरण चार्टपेपरमा तयार गरी प्रस्तुत गर्न लगाउने | गरी त्यसको संरक्षण र संवर्धनमा के कस्ता कदमहरू चाल्नुपर्ला, चार्टपेपरमा उल्लेख गर्नुहोस् । |
| ८.आर्थिक क्रियाकलाप | ८.१ अगिल्लो योजना र चालु योजनाबिच तुलना (बजेट, लक्ष्य र उ@श्य मुख्य कार्यक्रम र रणनीतिका आधारमा ) | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन सिप | - पारिवारिक योजना/विद्यालयको योजना आदिको पृष्ठभूमि र उदाहरणका आधारमा अगिल्लो योजनासँग चालु योजनाबिच समूह छलफल, अन्तरक्रिया, खोज आदि विधिका आधारमा तुलनात्मक अध्ययन गराउने । | • अगिल्लो योजना र चालु योजनाबिच विशेषता, लक्ष्य र रणनीतिका आधारमा विश्लेषण गर्न लगाएर । |
| | ८.२ ऊर्जा<br>• देशको आर्थिक एवम् सामाजिक विकासमा उर्जाको महत्त्व<br>• उर्जाका स्रोतहरू<br>-जलविद्युत् (सम्भावना, वर्तमान अवस्था र समस्याहरू)<br>-ऊर्जाका अन्य वैकल्पिक स्रोतहरू (वायु, सौर्य, जैविक उर्जा (Bio energy) आदि) | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप स्वव्यवस्थापन | - नेपालमा जलविद्युत्को अवस्था, सम्भावना र समस्याहरूका सम्बन्धमा विभिन्न स्रोत, सामग्री, तथ्याङ्क, उदाहरणका आधारमा छलफल गराई सङ्क्षिप्त विवरण प्रस्तुत गर्न लगाउने<br>- उर्जाका अन्य वैकल्पिक स्रोतहरू सम्बन्धमा छलफल गराई तिनको दैनिक जीवनमा उपयोगको अवस्था सम्बन्धमा अनुभव आदानप्रदान गर्न लगाउने<br>- देशको आर्थिक सामाजिक विकासमा उर्जाको महत्त्व सम्बन्धमा कुनै स्थानीय पत्रिकामा छपाउने गरी सम्पादकीयको नमुना तयार पार्नुहोस् ।<br>- आफ्नो | - निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>- (क) नेपालमा जलविद्युत्को विकास गर्न सकिने वर्तमान अवस्था, सम्भावना र चुनौती समेटेर एउटा लेख तयार पार्नुहोस् ।<br>- (ख) वैकल्पिक उर्जाको महत्त्व उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | समुदायमा विद्युत् वा वैकल्पिक उर्जा विकास गर्न योजनाको सामान्य खाका तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | |
| | ८.३ पर्यटन<br>● परिचय<br>● महत्त्व<br>● सम्भावना<br>● चुनौती<br>● पर्यटन प्रवर्धनका उपायहरू | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन | - पर्यटनको परिचय र आवश्यकता सम्बन्धमा विद्यार्थीहरूको मस्तिष्क मन्थन गराई विचारहरू सङ्कलन गर्ने र थप्नुपर्ने केही विचारहरू भए शिक्षकले थप गर्दै स्पष्ट पार्ने<br>- पर्यटनको सम्भावना र चुनौती सम्बन्धमा समूहगत रूपमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- स्थानीय स्तरमा पर्यटन प्रवर्धन गर्न सकिने क्षेत्र पहिचान र उपायहरू सम्बन्धमा छलफल गर्न लगाई योजनाको नमुना प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ पर्यटनको परिचय र महत्त्व उल्लेख गर्नुहोस् ।<br>२ पर्यटनको सम्भावना र चुनौतीहरूको सूची तयार पार्नुहोस् । |
| | ८.४ रोजगारी<br>● परिचय<br>● स्वदेशी र वैदेशिक रोजगारी<br>● स्वदेशमै रोजगारी सिर्जनाका उपायहरू<br>● वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव<br>● वैदेशिक रोजगारीका लागि गर्नुपर्ने पूर्व सावधानी | - सिकाइ सिप<br>- खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>- स्वव्यवस्थापन | - स्वदेशी र वैदेशिक रोजगारीको परिचय, र स्वदेशमै रोजगारी सिर्जनाका उपायहरू सम्बन्धमा छलफल गरी निष्कर्ष बताइदिने<br>- वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव सम्बन्धमा समूह समूहमा छलफल गरी कक्षामा प्रस्तुतिकरण गर्न लगाउने<br>- वैदेशिक रोजगारीसम्बन्धी पूर्व सावधानी सम्बन्धमा विभिन्न घटनाहरू तयार पारी छलफल गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. स्वदेशमा रोजगारी सिर्जनाका उपायहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।<br>२. वैदेशिक रोजगारीमा जाँदा के कस्ता पूर्वसावधानीहरू अपनाउनुपर्दछ, चर्चा गर्नुहोस् । |
| | ८.५ वित्तीय शिक्षा र उपकरण<br>● वित्तीय शिक्षाको परिचय<br>● वित्तीय उपकरण<br>- बैङ्किङ प्रणाली (खाताका प्रकार | - खोजमूलक/ अनुसन्धानात्मक सिप<br>- सञ्चार सिप<br>- सहकार्य सिप<br>स्वव्यवस्थापन | - वित्तीय शिक्षाको परिचय र महत्त्व सम्बन्धमा जोडी जाडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- वित्तीय उपकरणको | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भै मूल्याङ्कन गर्ने<br>१.तपाईको परिवार/समुदायमा |

| | | | | |
|---|---|---|---|---|
| | र उपयोग, ई"बैङ्किङ)<br>- सहकारी (परिचय, आवश्यकता, उपयोग र जीवन पद्धतिमा प्रभाव)<br>- बचत<br>- सेयर<br>- बिमा<br>- विप्रेषण | | परिचय र यसका प्रकारहरू सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- बैङ्किङ प्रणालीका सम्बन्धमा विभिन्न सामग्री, उदाहरण आदि प्रस्तुत गर्दै छलफल, प्रश्नोत्तर, खोज विधि आदि प्रयोग गरी बैङ्क खाता र उपयोग एवम् ई"बैङ्किङ सम्बन्धमा स्पष्ट पार्ने<br>- सहकारीको परिचय, यसको आवश्यकता, यसको उपयोग र जीवन पद्धतिमा पार्ने प्रभावका सम्बन्धमा सहकारीसम्बन्धी जानकार व्यक्तिलाई आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउने<br>- त्यसैगरी बचत, बिमा , सेयर र विप्रेषणको परिचय, फाइदा र जोखिमका सम्बन्धमा विभिन्न उदाहरण सन्दर्भसहित स्पष्ट पार्ने । | सहकारीको सदस्य हुँदा परेका सकारात्मक प्रभावहरू खोजी गरी चार बुँदामा प्रस्तुत गर्नुहोस् ।<br>२.तपाईको परिवारले बैकिङ प्रणाली वा विमा वा शेयर आदिको उपयोग गर्दाका फाइदा र जोखिम के के हुन सक्छन् ?<br>३. सहकारीले जीवन पद्धतिमा पार्ने प्रभावहरू उल्लेख गर्नुहोस् । |
| | ८.६ कर (Tax) :<br>- परिचय र प्रकार<br>- महत्त्व<br>- दायित्व | | • कर (Tax) को परिचय, प्रकार र नागरिकले राज्यलाई तिर्नुपर्ने करको महत्त्व सम्बन्धमा विभिन्न स्रोत, सामग्री, उपकरण प्रयोग गरी प्रस्ट पार्ने<br>• कर तिर्नु नागरिकको दायित्व हो भन्ने विषयवस्तुमा आधारित भई समूहगत प्रतिनिधित्व हुनेगरी वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. कर भनेको के हो, यो कति प्रकारको हुन्छ ? नागरिकले किन कर तिर्नुपर्छ ?<br>२.वक्तृत्वकलाका समूहलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>• विषयवस्तुको प्रस्तुति<br>• वाक्पटुता<br>• तार्किकता<br>• निष्कर्ष |
| ९.हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ९.१ नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्त<br>• परिचय<br>• महत्त्व | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य | - नेपालको परराष्ट्र नीतिको परिचय गराउँदै परराष्ट्र नीतिलाई बुँदागत रूपमा छलफल गराउने<br>- पञ्चशीलका सिद्धान्त परिचय दिने र | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१ नेपालको परराष्ट्र नीति कस्तो रहेको छ, |

| | | | | |
|---|---|---|---|---|
| | | | पञ्चशीलका सिद्धान्तहरू बताई दिने | उल्लेख गर्नुहोस् ।<br>२ पञ्चशीलका सिद्धान्तलाई बुँदागत रूपमा लेख्नुहोस् ? |
| | ९.२ संयुक्त राष्ट्रसङ्घ<br>● संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू<br>● संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्था र नेपालमा तिनको योगदान | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभुति सिप | - संयुक्त राष्ट्रसङ्घ परिचय दिने र संयुक्त राष्ट्रसङ्घ भित्रका अङ्गहरूका बारेमा छलफल गराउने<br>- संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका बारे बताइदिने<br>- संयुक्त राष्ट्रसङ्घले नेपालमा के कस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ, त्यसलाई सूचीबद्ध गराइदिने । | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत निकायहरू कुन कुन हुन् ? त्यसमध्ये कुनै एकको सङ्क्षिप्त परिचय गराउनु होस् ?<br>२ संयुक्त राष्ट्रसङ्घले नेपालमा के कस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ, त्यसलाई सूचीबद्ध गर्नुहोस् ? |
| | ९.२ विश्व व्यापार सङ्गठन र नेपाल | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप | विश्व व्यापार सङ्गठनको परिचय दिने र यसले गरेका गतिविधिबारे छलफल गराउने तथा यसले चालेका कदमले नेपालमा कस्तो प्रभाव पारेको छ, प्रकाश पारिदिने । | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१. विश्व व्यापार सङ्गठनको परिचय दिनुहोस् ? |
| | ९.३ स्थानीयकरण र विश्वव्यापिकरण<br>● अवधारणा,<br>● महत्त्व<br>● विश्वव्यापीकरणका आयामहरू | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभुति | स्थानीयकरणको परिचय दिने र विश्व व्यापीकरणको अवधारणा र महत्त्वका बारेमा प्रकाश पार्दै विश्वव्यापीकरणका स्रोतहरूबाट हुने फाइदाहरूलाई उल्लेख गर्दै एउटा नमुना समाचार तयार गर्न लगाउने | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ स्थानीयकरण र विश्वव्यापीकरण भनेको के हो ? परिचय दिनुहोस् ।<br>२ स्थानीयकरणका सकारात्मक र नकारात्मक पक्षको चर्चा गर्नुहोस् ? |
| | ९.४ समसामयिक घटना र तिनको प्रभाव<br>(क) शैक्षिक<br>● खेलकुद<br>● विज्ञान तथा प्रविधि र वातावर | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप | विश्वमा घटेका समसामयिक घटनालाई टिपोट गर्न लगाउने र त्यसबाट उत्पन्न समस्या समाधान र तिनको प्रभावबारे छलफल गराउने<br>जलवायु परिवर्तनका कारण, प्रभाव र रोक्ने उपायबारे अन्तरक्रिया कार्यक्रम गरी एउटा | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) समसामयिक घटना भन्नाले के बुझिन्छ ? वर्तमान विश्वका समसामयिक घटनाहरूको सूची बनाउनुहोस् ?<br>२ स्वच्छ वातावरण कायम गर्न नेपालमा के |

| | | | | |
|---|---|---|---|---|
| | ण<br>● स्वास्थ्य<br>● विपत् | | प्रतिवेदन तयार गर्न लगाउने | कस्ता प्रयासहरू भएका छन् ? सूची निर्माण गर्नुहोस् । |
| | ९.५ सूचना तथा संचार प्रविधिमा सामाजिक सञ्जाल<br>● प्रयोग<br>● चुनौती<br>● सुरक्षात्मक उपायहरू | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - नेपालमा सूचना तथा सञ्चार प्रविधिमा सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न घटनाहरू र उदाहरणहरू र सामाजिक सञ्जालको जथाभावी प्रयोगले घटेका अपराधका सम्वन्धमा भएका सुरक्षा चुनौती यसको कानुनी व्यवस्थाको सूची प्रस्तुत गर्दै अवलोकन प्रश्नोत्तर, व्याख्यान, खोज र छलफल विधिद्वारा नेपालमा सामाजिक सञ्जालको अपराध र यस सम्वन्धमा भएका कानुनी व्यवस्था सम्वन्धमा प्रस्ट पार्ने<br>- सूचना तथा सञ्चारमा सामाजिक सञ्जालको जथाभावी प्रयोगसँग सम्वन्धित समाचार, चित्र, सम्पादकीय आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्न लगाउने | निम्नलिखित प्रश्न र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>१ सामाजिक सञ्जाल भनेको के हो ? परिचय दिनुहोस् ?<br>२. नेपालमा साजिक सञ्जालको जथाभावी प्रयोगबाट उत्पन्न समस्यालाई नियन्त्रण गर्न के कस्ता प्रयास भएका छन् ? |
| १०. हाम्रो जनसङ्ख्या र व्यवस्थापन | १०.१ नेपालको जनसङ्ख्या<br>● आकार<br>● बनोट<br>● वितरण | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - नेपालको जनसङ्ख्या बनोटका विभिन्न चार्ट वा तालिका प्रस्तुति र छलफल गर्न लगाउने<br>- जनसङ्ख्याको | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको जनसङ्ख्याको आकारको वर्णन गर्नुहोस् ।<br>२. हिमाली प्रदेशमा कति प्रतिशत मानिसहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | बनोटलाई ग्राफ वा चार्टमा प्रस्तुत गर्न लगाउने<br>- विगत र हालको जनसङ्ख्या बनोटको प्रवृत्ति पत्ता लगाउन लगाउने | बसोबास गर्छन् ? |
| | १०.२ पारिवारिक योजना र गुणस्तरीय जीवन<br>● परिचय र महत्त्व<br>● गुणस्तरीय जीवनका तत्त्वहरू<br>● सन्तानको भरणपोषण र शिक्षादीक्षा<br>● बुढ्यौली : परिचय र स्याहारसुसार | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप<br>- सञ्चार सिप<br>- सहकार्य<br>- सहयोग र सहानुभूति | - पारिवारिक योजनाको परिचय महत्त्व झल्कने गीत वा कविता प्रस्तुत गरी विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्ने<br>- पारिवारिक योजना तयार गर्दा सन्तानको भरणपोषण र वृद्धवृद्धाप्रतिको दायित्व बोध हुने उदाहरण चित्र आदिको प्रस्ततिकरण र छलफल गर्ने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. पारिवारीक योजना भनेको के हो ?<br>२. पारिवारिक योजना र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्धको उदाहरणसहित पुष्टि गर्नुहोस् । |
| | १०.३ जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध | - रचनात्मक सोच सिप<br>- समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध उदाहरणसहित स्पष्ट पार्ने<br>- जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध सम्बन्धमा सम्पादकीयको नमुना तयार पार्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध बुँदागत रूपमा स्पष्ट पार्नुहोस् । |
| | १०.४ विश्वमा जनसङ्ख्याको अवस्था, वृद्धिदरको प्रवृत्ति र वृद्धिदरको नेपालसँग तुलना | - समालोचनात्मक सोचाइ सिप<br>- निर्णय तथा समस्या समाधान सिप | - विश्वमा जनसङ्ख्याको अवस्था, वृद्धिदरको प्रवृत्ति र वृद्धिदरको नेपालसँग तुलनाको चार्ट वा तालिका प्रस्तुति र छलफल गर्ने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. विश्वको जनसङ्ख्या हाल कति छ ? |

## ५. एकाइगत पाठ्यभार वितरण तालिका

| एकाइ शीर्षक | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | घण्टा | घण्टा |
| १. हामी र हाम्रो समाज | ५ | ५ |
| २. विकास र विकासका पूर्वाधार | १० | १० |
| ३. हाम्रा सामाजिक मूल्यमान्यता | १४ | १४ |

| | | |
|---|---|---|
| ४. सामाजिक समस्या र समाधान | १२ | १२ |
| ५.नागरिक चेतना | १८ | १८ |
| ६. हाम्रो पृथ्वी | १८ | १८ |
| ७. हाम्रो विगत | १५ | १५ |
| ८. हाम्रा आर्थिक क्रियाकलाप | १५ | १५ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १३ | १३ |
| १०. जनसङ्ख्या र यसको व्यवस्थापन | ८ | ८ |
| जम्मा | १२८ | १२८ |

**५. सम्भाव्य परियोजना/प्रयोगात्मक कार्य**

**कक्षा ९**

**एकाइ १. हामी र हाम्रो समाज**

१. तपाईँ बसोबास गर्ने समाजका असल तत्त्वहरूको सूची तयार गरी निम्नलिखित बुँदाहरूका आधारमा एक प्रतिवेदन तयार गरी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् :

(क) मानिसका आचरण र व्यवहार

(ख) सरसहयोग

(ग) विकास निर्माणमा भूमिका

(घ) वातावरणीय अवस्था

**एकाइ २. विकास र विकासका पूर्वाधार**

२. तपाईँ बसोबास गर्ने समुदायमा प्रचलित परम्परागत ज्ञान, सिप र प्रविधिको सूची तयार गरी कुनै एक प्रविधिको उपयोगको अवस्था र चुनौती सम्बन्धमा लेख तयार पारी कक्षाकोठामा पस्तुत गर्नुहोस् ।

एकाइ ३ : हाम्रा सामाजिक मूल्यमान्यता

३. विद्यार्थी सङ्ख्याका आधारमा विद्यार्थीलाई तीन समूहमा विभाजन गरी पहिलो समूहलाई समानुभूति कमी भएका कारण कुनै झगडा वा द्वन्द्व भएको घटना, दोस्रो समूहलाई समानुभूति र सहयोगका फाइदा र तेस्रो समूहलाई असमझदारी र द्वन्द्वका बेफाइदाहरू खोजी गरी विवरण तयार पार्न लगाउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्न लगाई मूल्याङ्कन गर्नुहोस् :

| समानुभूति कमी भएका कारण कुनै झगडा वा द्वन्द्व भएको घटना | समानुभूति र सहयोगका फाइदा | असमझदारी र द्वन्द्वका बेफाइदाहरू |
|---|---|---|
| | | |

**एकाइ ४ : सामाजिक समस्या र समाधान**

४. विद्यार्थीहरूलाई उनीहरू बसोबास गरेको स्थानमा रहेको कुनै एउटा संस्थामा गई तल दिइएका बुँदाहरूका आधारमा टिपोट गर्न लगाई प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

संस्थाको नाम र स्थापना वर्ष :

संस्था स्थापनाको पृष्ठभूमि :

संस्थाको लक्ष्य र उ@श्य :

संस्थाको कार्यक्षेत्र :

संस्थाले सञ्चालन गरेका मुख्य गतिविधि :

एकाइ ५ नागरिक चेतना

५.संवैधानिक विकासक्रममा नेपालको २०४७ देखि नेपालको वर्तमान संविधानसम्मको मुख्य विषयवस्तुमा समूह बनाई तुलना गर्न लगाउनुहोस् । तुलना गर्दा निम्नलिखित आधारमा तुलना गर्न लगाउनुहोस् :

(क) प्रस्तावना (ख) मौलिक हक

प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गर्दा प्रस्तुतिकरण तथा तुलनाका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**एकाइ ६ हाम्रो पृथ्वी**

६. आफू बस्ने क्षेत्रको हावापानी आदिको अवस्थासम्बन्धी सूचना सङ्कलन गरी ती कुराहरूको रहनसहन, भेषभूषा र आर्थिक क्रियाकलापमा परेको प्रभावको प्रतिवेदन तयार पार्न लगाउनुहोस् । प्रतिवेदनमा शीर्षक, परिचय, हावापानीको अवस्था तथा रहनसहन, भेषभूषा र आर्थिक क्रियाकलाप समावेश गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**एकाइ ७ हाम्रो विगत**

७. तपाईं बसोबास गरेको समुदाय वरपर उपलब्ध हुने इतिहासका स्रोतहरूको खोजी गरी तिनीहरूको महत्त्व, उपयोग र संरक्षणका उपायहरू तलको तालिकामा भर्नुहोस् :

| क्र.स. | ऐतिहासिक स्रोतको नाम | महत्त्व | उपयोग | संरक्षणका उपायहरू |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अथवा**

७. तपाइँको परिवारको र कुनै एक छिमेकीको वंशावली तयार गरी चार्टपेपरमा प्रस्तुत गर्नुहोस् ।

**एकाइ ८ हाम्रा आर्थिक क्रियाकलाप**

८. तपाइँ बसोबास गरेको समुदायमा परम्पागत तरिकाबाट खेती गर्ने र आधुनिक (व्यावसायिक) तरिकाले खेती गर्ने मानिसहरूलाई भेट्नुहोस् र तल दिइएका बुँदाहरूका आधारमा परम्परागत खेती र आधुनिक खेतीबिच तुलना गर्नुहोस् ।

- कृषिमा प्रयोग गरिएको जमिनको आकार
- बिउबिजन
- प्रविधि
- उत्पादनको परिणाम
- आम्दानी

अथवा

८. शिक्षकको निर्देशनमा रही तपाइँको परिवारका विभिन्न आर्थिक स्रोतहरू समावेश गर्दै अभिभावकको सहयोगमा पारिवारिक आर्थिक योजना तयार गर्नुहोस् ।

एकाइ ९ अन्तराष्ट्रिय सम्बन्ध र सहयोग

९.समसामयिक गतिविधिसँग सम्बन्धित समाचार, सम्पादकीय, चित्र, फोटा आदि सङ्कलन गरी बुलेटिन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ १० जनसङ्ख्या र यसको व्यवस्थापन

१०. समुदायमा गई बसाइँसराइका कारण र समुदायमा त्यसले पारेको असर सम्बन्धमा समुदायका कुनै पाँच व्यक्तिलाई भेटी उनीहरूका विचार समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

**कक्षा १०**

**एकाइ १. हामी र हाम्रो समाज**

१. तपाइँको समुदायको अवलोकन भ्रमण गरी त्यस समुदायमा विकासका के कस्तो अवस्था पहिचान गर्नुभयो, खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**एकाइ २. विकास र विकासका पूर्वाधार**

२. नेपालका राष्ट्रिय गौरवका आयोजनाहरूको सूची तयार गरी आफ्नो प्रदेशमा सञ्चालित कुनै एक आयोजनाका बारेमा निम्नलिखित तथ्यहरूको खोजी गरी एक प्रतिबेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

| | |
|---|---|
| **आयोजनाको नाम** | |
| **आयोजनाको अवस्थिति** | |
| **आयोजनाको अवधि** | |
| **आयोजनाको लागत** | |
| **आयोजनाका सम्भाव्य उपलब्धि र प्रभाव** | |

**एकाइ ३ : हाम्रा सामाजिक मूल्यमान्यता**

३. विद्यार्थीहरूलाई उनीहरूको समुदायमा रहेका कुनै ऐतिहासिक वा धार्मिक वा पर्यटकीय वा यस्तै कुनै सार्वजनिक महत्त्वका स्थलको भ्रमण गराउनुहोस् र तलका बुँदाहरूका आधारमा प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

१. शीर्षक तथा भ्रमणको पृष्ठभूमि

२. भ्रमणका उ@श्य

३. भ्रमण विधि

४. पत्ता लगाइएका कुराहरू

५. निष्कर्ष तथा सुझाव

**एकाइ ४ : सामाजिक समस्या र समाधान**

४. तल दिइएका स्रोत साधनको संरक्षणसम्बन्धी प्रश्नावलीका आधारमा विद्यार्थीहरूलाई आत्ममूल्याङ्कन गर्न लगाई प्राप्त निष्कर्ष समावेश गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् :

| क्रियाकलाप | विद्यार्थीहरूको व्यवहार | |
|---|---|---|
| १. म स्रोतसाधनको दोहन हुने कार्य | (क) गर्छु | (ख) गर्दिन |
| २. म स्रोतसाधनको संरक्षण कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |
| ३. म स्रोतसाधन संरक्षण कार्यका लागि प्रचार प्रसार | (क) गर्छु | (ख) गर्दिन |
| ४. म खाली जमिनमा वृक्षरोपण | (क) गर्छु | (ख) गर्दिन |
| ५. म स्रोत साधन वरपरको वातावरण सरसफाइ कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |
| ६. म स्रोतसाधनको दोहनबाट पर्ने असरहरूका बारेमा जनचेतनामूलक कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |

**एकाइ ५ नागरिक चेतना**

५.मानव अधिकार उपयोग प्रभावकारी बनाउने उपायहरू सम्बन्धमा कक्षामा चार्ट निर्माण र प्रस्तुत गर्नुहोस् ।

**एकाइ ६ हाम्रो पृथ्वी**

६.प्राकृतिक प्रकोप नियन्त्रणमा आफ्नो स्थानीय तहमा भएका प्रयासहरू समेटी समाचारको नमुना तयार पार्नुहोस् ।

**एकाइ ७ हाम्रो विगत**

७. तपाइँ बसोबास गरेको समुदायमा भएका अगुवा राजनीतिज्ञलाई भेट गरी उहाँसँग वि.सं. २०४६ र २०६२-०६३ को जनआन्दोलनका कारणहरू र यी आन्दोलनपछि भएका सामाजिक र आर्थिक परिवर्तनका बारेमा प्रश्नहरू सोधी तलको तालिका पूरा गर्नुहोस् ।

| क्र.स. | आन्दोलनको वर्ष | आन्दोलका कारणहरू | सामाजिक परिवर्तन | आर्थिक परिवर्तन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**एकाइ ८ हाम्रा आर्थिक क्रियाकलाप**

८. तपाइँ बसोबास गर्नुभएको वा विद्यालय रहेको नजिकको वडा कार्यालय जानुहोस् र त्यहाँका अध्यक्ष वा सचिवसँग उक्त वडाको अगिल्लो वर्षको योजना र चालु योजनाबिच विशेषता, लक्ष्य र रणनीतिका आधारमा भिन्नता र समानताहरू सोधखेज गरी विवरण तयार पार्नुहोस् ।

**एकाइ ९ हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग**

९. कक्षाका कुनै पाँच जना साथीलाई भेटी उनीहरूले सामाजिक सञ्जालको दुरुपयोग हुन नदिन अवलम्बन गरेका सुरक्षात्मक उपायहरू सङ्कलन गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ १० जनसङ्ख्या र यसको व्यवस्थापन

१०.आफ्नो टोल वा समुदायका कुनै पाँच जना जेष्ठ नागरिकलाई भेटी उहाँको स्याहार सुसार र पारिपारिक सहयोग र सम्मानको अवस्था सम्बन्धमा विचार सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**६. सिकाइ सहजीकरण क्रियाकलाप**

सामाजिक अध्ययन विषयको पाठ्यक्रम एकीकृत रूपमा तयार पारिएको पाठ्यक्रम हो । यस विषयले विभिन्न सामाजिक विज्ञानका विषयवस्तुलाई समेटेर आफूलाई समृद्ध बनाएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणमा सबै क्षेत्रलाई समान महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणा र मूल्यको विकास गराउनुपर्दछ । यस विषयले क्रियाकलापमा आधारित व्यावहारिक सिकाइलाई महत्त्व दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्ना गाउँ, टोल, समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । सिकाइ सहजीकरण गर्दा घोक्ने कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित खोज, अन्वेषण वा गरेर सिक्ने वातावरण तयार गरिदिनुपर्दछ जसले सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरोस् । सामाजिक अध्ययनले विद्यार्थीहरूका विभिन्न सिर्जनाहरू जस्तै : कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, फोटोमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ । यी सबै

सिपहरूको विकास गर्न विद्यार्थीलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई क्रियाकलापमा आधारित गरी गरेर सिक्ने वातावरण र अवसर तयार गर्नुपर्दछ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू तल दिइएका छन् तर यी नमुना मात्र भएकाले शिक्षकले परिस्थितिअनुकूल विधिहरू छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयको सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य आदि । समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिका रूपमा लिइन्छ । यसअर्न्तगत मस्तिष्क मन्थन (brain storming), सङ्गठित सिंहावलोकन (structure overview), जिग्स (jig-saw), शब्दार्थ चित्र (semantic map), जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing) जस्ता तरिकाहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ ।

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो तथा अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो

क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

**निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग**

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १. | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २. | व्यवहार अवलोकन फारम | सामाजिक अध्ययनका प्रक्रियागत सिपहरूको मूल्यमान्यता, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३. | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरू, पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४. | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५. | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखित गर्नुपर्ने भएमा शिक्षकले अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

मूल्याङ्कनको कुल भारको २५ प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ७५ प्रतिशत अङ्क समावेश गरिने छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| **सि. नं.** | **मूल्याङ्कन पक्ष** | **भार** |
|---|---|---|
| १. | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ३ |
| ३. | प्रयोगात्मक/परियोजना | १६ |
| ४. | त्रैमासिक परीक्षाहरू | ६ |

**(ख) आवधिक मूल्याङ्कन**

आवधिक मूल्याङ्कनको भार ७५ प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च

दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाका प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।